# मन्त्रालयगत प्रगति विवरण

## आर्थिक वर्ष २०८०/०८१

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

२०८१

# मन्त्रालयगत प्रगति विवरण

(आ.व. २०७९/८० को यथार्थ विवरण र आ.व. २०८०/८१ को
चैत्र मसान्तसम्मको खर्चको विवरण)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

२०८१, असार

कर्णाली प्रदेश सरकार

फोन नं.: ०८३-५२२५७०
फ्याक्स नं.: ०८३-५२५६३६

मा. महेन्द्र के.सी.
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र-संख्या : ०८०/८१
चलानी नम्बर : ११४

**प्राक्कथन**

जनयुद्ध, जनआन्दोलन लगायतका विभिन्न आन्दोलनको उपलब्धिबाट मुलुक सङ्घीय संरचनामा गए पश्चात राज्यको पुनर्संरचना भइ तीन तहमा राज्यशक्तिको बाँडफाँट भएको छ। नेपालको संविधान, २०७२ को धारा २०७ को उपधारा (२) मा प्रदेशको अर्थमन्त्रीले आगामी आर्थिक वर्षको आय व्ययको अनुमान प्रदेश सभामा पेश गर्दा चालु आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई विनियोजन गरिएको रकमबाट लक्षित उद्देश्य प्राप्त भए नभएको विवरण पेश गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। उक्त संवैधानिक व्यवस्था अनुरुप आ.व. २०७९/०८० को यथार्थ खर्च र चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको सम्बन्धित मन्त्रालयबाट प्राप्त प्रगति विवरणको आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने र सो सम्बन्धलाई मजबुत बनाउनका लागि जनकल्याण र लोकहित अभिवृद्धि गर्न प्रदेशका सबै मन्त्रालयहरुको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको छ। मुलुकको आर्थिक शिथिलता साथै विद्यमान अवस्थाको विश्लेषण गर्दा लगानी अनुरुप अपेक्षित उपलब्धि हासिल गर्नु प्रदेशको प्रमुख चुनौती रहेको छ। उल्लिखित चुनौतीको सामना गर्दै वित्तीय पारदर्शिता, जवाफदेहिता र आर्थिक अनुशासन कायम गरी विनियोजन कुशलता तथा खर्च सक्षमता अभिवृद्धि गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य हुन जरुरी छ। यसका लागि आवश्यक नीति तथा कानुनहरू, संरचना, जनशक्ति, साधन र स्रोतको महत्तम परिचालन गर्नुपर्ने देखिन्छ।

प्रस्तुत मन्त्रालयगत प्रगति विवरण अनुसन्धानकर्ता, अर्थशास्त्री, उद्योगपति, व्यवसायी, शिक्षक, विद्यार्थी, सञ्चारकर्मी लगायत सबै सरोकारवालाहरुमा उपयोगी हुने विश्वास लिएको छु। अन्तमा, यस प्रगति प्रतिवेदनको लागि तथ्याङ्क उपलब्ध गराउने सबै मन्त्रालय र प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने मन्त्रालयका सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

असार, २०८१

मा. महेन्द्र के.सी.
मन्त्री
आर्थिक मामिला तथा योजना मन्त्रालय

मा. महेन्द्र के.सी.
मन्त्री

इमेल: *mahendrakc832@gmail.com / moeap6@gmail.com* वेबसाइट: *www.moeap.karnali.gov.np*

# कर्णाली प्रदेश




**संकेत**

- प्रदेशको सिमाना
- जिल्लाको सिमान
- पालिकाको सिमाना

| | |
|---|---|
| जम्मा क्षेत्रफल | ३०,२११ वर्ग कि.मि. |
| जम्मा जनसंख्या | १६,८८,४१२ |
| पुरूष | ८,२३,७६१ |
| महिला | ८,६४,६५१ |

**स्थानीय तह : कर्णाली प्रदेश**

| जिल्ला | नगरपालिका संख्या | गाउँपालिका संख्या | जम्मा वडा | जनसंख्या |
|---|---|---|---|---|
| रूकुम (पश्चिम) | ३ | ३ | ७३ | १,६६,७४० |
| सल्यान | ३ | ७ | ८३ | २,३८,५१५ |
| सुर्खेत | ५ | ४ | ९९ | ४,१५,१२६ |
| दैलेख | ४ | ७ | ९० | २,५२,३१३ |
| जाजरकोट | ३ | ४ | ७७ | १,८९,३६० |
| डोल्पा | २ | ६ | ६५ | ४२,७७४ |
| जुम्ला | १ | ७ | ६० | १,१८,३४९ |
| कालिकोट | ३ | ६ | ८२ | १,४५,२९२ |
| मुगु | १ | ३ | ४५ | ६४,५४९ |
| हुम्ला | ० | ७ | ४४ | ५५,३९४ |
| **जम्मा** | २५ | ५४ | ७१८ | १६,८८,४१२ |

# विषयसूची


| | | पृष्ठ |
|---|---|---|
| १. | कर्णाली प्रदेशको संक्षिप्त परिचय | १ |
| २. | प्रगति विवरणको सम्बन्धमा | ४ |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १० |
| ५. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २० |
| ६. | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ३२ |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४४ |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ५७ |
| ९. | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ६७ |
| १०. | सामाजिक विकास मन्त्रालय | ८१ |

# कर्णाली प्रदेशको संक्षिप्त परिचय

सङ्घीय शासन प्रणाली अनुरुप पुनर्संरचना गरी बनेका ७ प्रदेश मध्ये कर्णाली प्रदेशमा १० वटा जिल्लाहरु रहेका छन्। विविध हावापानीका साथै धरातलीय तथा जैविक विविधता भएको र क्षेत्रफ़लका हिसावले नेपालको सात प्रदेशमध्ये कर्णाली प्रदेश सवैभन्दा ठुलो प्रदेश हो। यस प्रदेशको कूल क्षेत्रफल ३०,२११ वर्ग कि.मि. अर्थात २१.६ प्रतिशत देशको क्षेत्रफल भू-भाग ओगटेको छ । यस प्रदेशमा २५ वटा नगरपालिका र ५४ वटा गाउँपालिका गरी ७९ वटा स्थानीय तहमा ७१८ वडाहरु रहेका छन्। यो प्रदेश २८ डिग्री १० मिनेट ७ सेकेन्ड उत्तरी अक्षांशदेखि ३० डिग्री २६ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांशसम्म र ८० डिग्री ५८ मिनेट ५८ सेकेन्ड पूर्वी देशान्तरदेखि ८३ डिग्री ४० मिनेट ५७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो प्रदेश समुन्द्र सतहबाट सबैभन्दा होंचो भू-भाग कर्णाली नदी र भेरी नदीको दोभान जामु कुइने १८० मिटर उचाईमा रहेको छ भने सबैभन्दा उच्च भू-भाग डोल्पा जिल्लाको चुरेन हिमाल ७,३४८ मिटर उचाईमा रहेको छ।

राष्ट्रिय जनगणना २०७८ नतिजा अनुसार कर्णाली प्रदेशको जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ। कर्णाली प्रदेशको गरिबी दर २६.६९ प्रतिशत रहेको छ, जुन राष्ट्रिय दर २०.२७ प्रतिशतको तुलनामा उच्च रहेको छ।

जातीय, भाषिक तथा सांस्कृतिक विविधता रहेको यस प्रदेशमा मुख्य रुपमा क्रमशः क्षेत्री, कामी, मगर, ठकुरी, दमाई, पहाडी ब्राह्मण, गुरुङ लगायतका जातिहरुको बसोबास रहेको छ भने, नेपाली, खस, राजी, राउटे, मगर, खाम, काइके, तामाङ, मगर, थारु, मुगाली, कार्मरोंग, भोटेखाम मुख्य रुपमा बोलिने भाषाको रुपमा परिचित छन्। यस प्रदेशमा विभिन्न जात/जाति, भाषाभाषी, धार्मिक सम्प्रदायका बिच लामो समयदेखि धार्मिक सहिष्णुता, जातीय एवं भाषिक सहअस्तित्व कायम रहेको छ।

सुन्दर पहाड, हिमवत खण्ड, उच्च हिम शृखला लगायत प्राकृतिक सम्पदाले भरिपूर्ण असङ्ख्य मन्दिर, पाटी पौवा गुम्बा, धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण रहेको कर्णाली प्रदेश पर्यटनका दृष्टिले पर्याप्त सम्भावना रहेको छ। धर्म तथा लोक संस्कृतिको अनुपम थलोको रुपमा रहेको यस प्रदेशका महत्वपूर्ण प्राचीन स्थलहरु जस्तै सुर्खेतको काँक्रेविहार, देउतीबज्यै, सिद्धपाइला, कालिकोटको कालिका, महाबु, जुम्लाको चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, हुम्लाको खार्पुनाथ लगायत बाह्र देउताका मष्टहरु, मुगुको छायाँनाथ, डोल्पाको त्रिपुरासुन्दरी देवी, शे-गुम्बा तथा दैलेखको पन्चदेवल र पञ्चकोशी आदि महत्वपूर्ण धार्मिक पर्यटकीय स्थल रहेका छन्।

कर्णाली प्रदेश हिमाल, पहाड, तराईमा अवस्थित रहेको हुँदा हावापानीमा विविधता, जडिबुटीको प्रचुर सम्भावना, उच्च हिमाली भू-भागमा चौंरी, भेडा तथा च्याङ्ग्रा एवम् पहाडी जिल्लाहरुमा गाई, भैसी, बाख्रा, तथा कुखुरा पालन भएको पाइन्छ। विभिन्न पर्यटकीय गन्तव्यहरु, भौगोलिक तथा जैविक विविधताले भरीपूर्ण प्राग इतिहास र संस्कृति रहेको कर्णाली प्रदेश पर्या-पर्यटनको हिसाबले ठुलो हिस्सा ओगटेको छ। नेपाल सरकारले "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय लक्ष्य अनुरुप कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा "**समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**" भन्ने दीर्घकालीन सोच रहेको छ। सोही अनुरुप सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको व्यापक सहभागितामा ७९ वटा स्थानीय तहको विकासका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन लक्ष्यहरु निर्धारण गरी अपेक्षित नतिजा हाँसिल गर्न कर्णाली सोंच २१०० को निर्माण गरी आर्थिक वर्ष २०८०/८१ सम्ममा अति कम विकसित प्रदेशको स्तरबाट मध्यमस्तरमा स्तरोन्ति भई दिगो विकासका आवधिक लक्ष्य/सूचकहरु हासिल गर्दै वार्षिक प्रतिव्यक्ति आय १,१४७ अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएको छ।

## प्रदेशको भौगोलिक अवस्था:

**तालिका १.१: कर्णाली प्रदेश सम्बन्धी विवरण**

| विवरण | अवस्था |
|---|---|
| जिल्ला | १० |
| जनघनत्व | ६० |
| सङ्घीय निर्वाचन क्षेत्र | १२ |
| प्रादेशिक निर्वाचन क्षेत्र | २४ |
| नगरपालिका | २५ |
| गाउँपालिका | ५४ |
| कुल जनसङ्ख्या | १६८८४१२ |
| पुरुष | ८२३७६१ |
| महिला | ८६४६५१ |
| जनसङ्ख्या वृद्धिदर | ०.७० |
| परिवारको औसत आकार | ४.६१ |
| लैङ्गिक अनुपात | ९५.२७ |

***स्रोत:*** *राष्ट्रिय जनगणना २०७८*

### तालिका १.२: कर्णाली प्रदेश भित्रका स्थानीय तह सम्बन्धी विवरण

| जिल्ला | कुल स्थानीय तह सङ्ख्या | नगरपालिका संङ्ख्या | गाउँपालिका संङ्ख्या | कुल वडा संङ्ख्या |
|---|---|---|---|---|
| रुकुम पश्चिम | ६ | ३ | ३ | ७३ |
| सल्यान | १० | ३ | ७ | ८३ |
| सुर्खेत | ९ | ५ | ४ | ९९ |
| दैलेख | ११ | ४ | ७ | ९० |
| जाजरकोट | ७ | ३ | ४ | ७७ |
| डोल्पा | ८ | २ | ६ | ६५ |
| जुम्ला | ८ | १ | ७ | ६० |
| कालिकोट | ९ | ३ | ६ | ८२ |
| मुगु | ४ | १ | ३ | ४५ |
| हुम्ला | ७ | ० | ७ | ४४ |
| कर्णाली प्रदेश | ७९ | २५ | ५४ | ७१८ |
| नेपाल | ७५३ | २९३ | ४६० | ६७४३ |

# प्रगति विवरणको सम्बन्धमा

प्रस्तुत "**मन्त्रालयगत प्रगति विवरण**" पुस्तिकामा कर्णाली प्रदेश सरकारका सबै मन्त्रालयहरुको संक्षिप्त परिचय, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिको साथै आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च र प्रगति एवम् चालु आर्थिक वर्षको बजेट र चैत्र मसान्तसम्मको खर्च विवरण समावेश गरिएको छ। चालु आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख भएबमोजिम सबै मन्त्रालयहरुसँग सम्बन्धित नीति तथा कार्यक्रमको सम्बन्धमा वि.सं. २०८० चैत्र मसान्तसम्मको वित्तीय र भौतिक प्रगति, जनशक्ति तथा पदपूर्तिको अवस्था, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौतिहरु र यस आ.व. मा तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका विवरण समावेश गरिएको छ। सम्बन्धित मन्त्रालयबाट सो अवधिमा सम्पादन भएका महत्वपूर्ण कार्य समेत संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

प्रस्तुत पुस्तिका सम्बन्धित मन्त्रालयहरुले उपलब्ध गराएका तथ्यांक, सूचना एवम् प्रगति विवरण, प्रदेश लेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीमा आधारित तथ्याङ्क समेतका आधारमा तयार पारिएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
कर्णाली प्रदेश

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमिः

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रुपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरूबिच समन्वय, निर्देशन र सुपरिवेक्षण, अन्तर सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

## २. दीर्घकालीन सोचः

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

## ३. ध्येयः

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहिता मार्फत सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

## ४. रणनीतिक उद्देश्यहरूः

- प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरूलाई तथ्यपरक एवम् नतिजामूलक बनाउनु,
- प्रदेश सरकारका निर्णयहरू प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु,
- प्रदेशको प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउनुका साथै प्रदेशका संरचना र जनशक्तिको व्यवस्थित परिचालन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु,
- सदाचारिता प्रवर्द्धन, प्रभावकारी कानूनी व्यवस्था एवम् शून्य सहनशीलता मार्फत भ्रष्टाचार नियन्त्रण गर्नु,
- प्रदेशको समृद्धिका निमित्त बढी प्रतिफलदायी विकास नीति, योजना, कार्यक्रम र आयोजना तर्जुमा हुने वातावरण सिर्जना गर्नु,

➢ विकास निर्माण कार्यलाई समन्वयात्मक रुपमा र अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता मार्फत गुणस्तरीय एवम् नतिजामूलक बनाउनु।

## ५. कार्य क्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी, |
| २ | प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, |
| ३ | प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सञ्चालन, |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, |
| ५ | प्रदेश सरकारको कार्य सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन, |
| ६ | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण, |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन, |
| ८ | प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण, |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्वोधन, |
| १० | मानव अधिकारको संरक्षण र प्रवर्द्धन, |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार, |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय, |
| १३ | सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन, |
| १४ | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन, |
| १५ | राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध, |
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन, |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय, |
| १८ | प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १९ | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन, |
| २० | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण, |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय, |
| २२ | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन, |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा। |

## ६. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २०३ | प्रदेशको सार्वजनिक प्रशासनलाई जवाफदेही, नतिजामूलक, राष्ट्र र जनताप्रति उत्तरदायी बनाई सरकारको कार्यसम्पादन चुस्त, प्रभावकारी, छिटो, छरितो र सक्षम बनाउन प्रदेश निजामती सेवा र स्थानीय सेवासम्बन्धी कानून निर्माण गरिनेछ। कर्मचारीसँग वस्तुगत सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरी मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ। | प्रदेश निजामती सेवा ऐन र नियमावली,२०८० तर्जुमा गरिएको। प्रदेश लोक सेवा आयोगबाट नियमित रुपमा कर्मचारीहरू पदपुर्तिको कार्य भइरहेको छ। |
| २०७ | कर्णाली प्रदेशलाई कार्यथलो बनाई प्रदेशको सेवामा उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्न कर्णाली सेवा पुरस्कार प्रदान गर्ने। | १ जना सर्वोत्कृष्ट, २ जना उत्कृष्ट र ८ जना कर्मचारीलाई प्रदेश निजामित सेवा पुरस्कारबाट पुरस्कृत गरिएको। |
| २०८ | स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन निर्माण भइ कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना गरिएको। उक्त प्रतिष्ठानबाट विभिन्न कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकासको तालिम कार्यक्रमहरू सञ्चालन भइरहेको। |

## ७. आर्थिक वर्ष २०८०/८१ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- जम्मा २० वटा मन्त्रिपरिषद्को बैठक बसी ८७ वटा निर्णय भएका छन्।
- जम्मा २९२९ स्वीकृत दरबन्दीमध्ये समायोजन, सङ्घीय सरकारबाट कामकाजमा खटाइएका, लोक सेवा आयोगबाट सिफारिस भएका र करार सेवाबाट गरी २०८६ जनशक्ति पदपूर्ति भएको छ।
- विद्युतीय हाजिरी प्रणाली (बिदा, काज, सरुवा आदि) सबै मन्त्रालयहरूमा अनिवार्य गरिएको छ भने अन्य कार्यालयमा विद्युतीय हाजिरी जडान गर्ने कार्यमा आवश्यक समन्वय र सहकार्य भइरहेको छ।
- प्रदेश सरकारको वार्षिक तथा चौमासिक समीक्षा कार्यक्रम सम्पन्न भएका छन्।
- कर्णाली प्रदेश निजामती सेवा ऐन र नियमावली, २०८० तर्जुमा भइ कार्यान्वयनमा आएको छ।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० निर्माण भइ कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालनमा आएको छ।
- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य भइरहेको छ।
- कर्णाली प्रदेश निजामती सेवा पुरस्कारबाट कर्मचारीहरूलाई पुरस्कृत गरिएको छ।
- कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय निर्माण भएको छ।
- कर्मचारीहरूको नियमित सरुवा तथा स्तरवृद्धि सम्बन्धी कार्य भएको छ।
- विद्यालयस्तरमा विभिन्न जिल्लामा लोकसेवा सचेतना कार्यक्रम सञ्चालन भएका छन्।
- योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।
- मुख्यमन्त्री रोजगार कार्यक्रमको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ।
- कर्णाली समृद्धि परियोजना सञ्चालन सम्बन्धी विधेयकको मस्यौदा तयार भइ स्वीकृतिको चरणमा रहेको छ।

## ८. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रकम रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/कार्यालय/निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४,०९,७०,०३ | २,७७,०१,१३ | ६७.६१ |
| **जम्मा** | | **४,०९,७०,०३** | **२,७७,०१,१३** | **६७.६१** |

***स्रोतः*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट र चैत्र मसान्तसम्मको प्रगतिः

*(रू. हजारमा)*

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७९४९६ | ८३९०९ | ४६.७४ |
| ३०१०००११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४७९७४ | ६४३२३ | ४३.४७ |
| ३०१००१०२३ | मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | १५०० | ४१९ | २७.९३ |
| ३०१००९०२३ | कर्णाली समृद्धि परियोजना | २५०००० | ० | ० |
| ३०१००९०२४ | कर्णाली समृद्धि परियोजना | १२५०००० | ० | ० |
| ३०१९११२०३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १८०० | १३७६ | ७६.४४ |
| ३०१९११२१३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | १४२८०० | ३५०१३ | २४.५२ |
| ३०१९११२१४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ३५०० | १३५२ | ३८.६३ |
| **जम्मा** | | **१९७७०७०** | **१८६३९२** | **९.४३** |

***स्रोतः*** *कर्णाली प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (P-LMBIS)*

## १०. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या तथा चुनौतिहरुः-

- कार्यक्रम कार्यान्वयनको लागि आवश्यक ऐन नियम निर्माण गर्नुपर्ने।

## ११. यस आ.व.मा तर्जुमा भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० |
| २ | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० |
| ३ | प्रदेश निजामती सेवा पुरस्कार मापदण्ड तथा कार्यविधि, (पहिलो संशोधन) नियम, २०८० |
| ४ | कर्णाली प्रदेश नमुना कार्यालय छनोट मापदण्ड, २०८० |
| ५ | मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० |
| ६ | मुख्यमन्त्री महिला आयआर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० |
| ७ | कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० |

## १२. जनशक्तिको अवस्थाः

- कुल दरबन्दी सङ्ख्या ६३
- कुल पदपूर्ति सङ्ख्या ५५
- रिक्त सङ्ख्या ८

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## १. पृष्ठभूमि

प्रदेशको समग्र आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा नियमन र आर्थिक स्रोतको बाँडफाँट गर्न मिति २०७४ साल फाल्गुन ३ गते आर्थिक मामिला तथा योजना मन्त्रालयको गठन भइ कार्यारम्भ गरेको छ। प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन तथा प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने दायित्व आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहेको छ। प्रदेशस्तरको आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, नियमन, प्रदेश विनियोजन ऐन, प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन कायम गर्ने, प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन तथा प्रदेशस्तरीय अर्थ, योजना, बजेट, वित्तीय संस्थाहरू सञ्चालन, व्यवस्थापनसम्बन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। प्रदेशको सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण र सङ्घीय नीति अनुरुप सह-वित्तीयकरणको जिम्मेवारी समेत यसै मन्त्रालयको रहेको छ।

## २. दीर्घकालीन सोचः

**"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** को सपना साकार पार्ने।

## ३. ध्येयः

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशबासीको समृद्धिको चाहना पूरा गर्ने।

## ४. रणनीतिक उद्देश्यहरूः

- पुँजीगत खर्च वृद्धिका लागि सहजीकरण गर्ने,
- आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने,
- अनुदान तथा सहायताको उच्चतम सदुपयोग गर्ने,
- सम्भावित आर्थिक क्षेत्रको पहिचान र परिचालन गर्ने,

- विकासको लागि निजी क्षेत्र लगायतको लगानी आकर्षण गर्ने,
- सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने,
- वित्तीय अनुशासन कायम गर्ने।

## ५. कार्य क्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन, |
| २ | प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, |
| ३ | प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४ | सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन, |
| ५ | प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर, |
| ६ | प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, |
| ७ | राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, |
| ८ | प्रदेश राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, कार्यान्वयन र नियमन, |
| ९ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान, |
| १० | सङ्घीय नीति अनुरुप सह,वित्तीयकरण- |
| ११ | प्रदेश आर्थिक कार्यविधि, सम्बन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन, |
| १२ | प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन, |
| १३ | प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन, |
| १४ | प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी, |
| १५ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन, |
| १६ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर बाँडफाँट तथा पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, |
| १८ | सङ्घीय कानून अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण, |
| १९ | राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २० | सङ्घसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य, |
| २१ | तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य, |
| २२ | बिमा र बिमा व्यावसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन |
| २३ | प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन, |
| २४ | आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य, |

## ६. आ.व. २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २११ | प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने तर स्थानीय तहबाट सञ्चालन गर्दा मितव्ययी र प्रभावकारी हुने साना आयोजनालाई सम्बन्धित स्थानीय तहबाटै कार्यान्वयनका लागि सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण गर्ने। | मुख्यमन्त्री रोजगार कार्यक्रम लगायत साना आयोजना कार्यान्वयन गर्न सशर्त अनुदान मार्फत स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २१२ | आर्थिक वर्ष २०८०/८१ को लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान बापत रू. ८० करोड वित्तीय हस्तान्तरण गरिनेछ। प्रदेशले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश | रू. ५०,०८,८९,३३०।- स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। कर्णाली प्रदेश मन्त्रिपरिषद्बाट प्रदेश लेखा नियन्त्रक कार्यालयलाई अधिकार प्रत्यायोजन भइ मासिक रूपमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विभाज्य कोषमा जम्मा गरी आयोगले तोकेको मापदण्ड र निर्धारित सूत्रको आधारमा प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम मासिक रूपमा बाँडफाँट गरी सम्बन्धीत स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने। | सवारी साधन करको बाँडफाँट हुने व्यवस्था मिलाइएको। |
| २१३ | समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने कार्यक्रमको लागि सूचना प्रकाशन गरी विद्युतीय सूचना प्रणालीबाट प्रस्ताव माग गरी विस्तृत परियोजना प्रतिवेदन तयार भइ कार्यान्वयनमा लैजानको लागि तयारी अवस्थामा रहेका प्राथमिकताको आधारमा स्थानीय तहबाट कार्यपालिकाको निर्णय सहित प्रस्तावित आयोजनामा समपूरक अनुदानतर्फ रू. ८४ करोड २५ लाख र विशेष अनुदानतर्फ रू. २७ करोड ५५ लाख वित्तीय हस्तान्तरण गर्ने। | विशेष अनुदानतर्फ रू ५,५२,३५,७००।- र समपूरक अनुदानतर्फ रू. १३,११,०४,११०।- स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २१५ | प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गर्ने अभ्यास र संस्कृतिको विकासका साथै सङ्घीयताको मर्मलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८०/८१ मा स्थानीय तहमा कूल रू. ४ अर्ब ८० करोड ४ लाख वित्तीय हस्तान्तरण गर्ने। | चैत्र मसान्तसम्म कूल रू. १,७६,०६,२३,३९०।- स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। |
| २२२ | प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनाको कार्य सम्पादनको प्रभावकारिता वृद्धिका लागि जिल्ला समन्वय समितिलाई अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने। | प्रत्येक जिल्ला समन्वय समितिलाई अनुगमन तथा मुल्याङ्कनको लागि रू. साठी लाख रकम अख्तियारी प्रदान गरिएको। |
| २२६ | प्रयाप्त स्रोतको उपलब्धता बिना नै बहुवर्षीय ठेक्काको स्रोत सहमति दिने प्रणालीलाई सुधार गरी सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाका लागि विनियोजित रकमको अधिकतम चार गुणाभन्दा बढी नहुने गरी बढीमा तीन वर्षको लागि स्रोतको सहमति दिने गरी मापदण्ड बनाइने। | कर्णाली प्रदेश बहु बर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७७ परिमार्जन गरी उक्त विषय कार्यान्वयन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २२९ | एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुका साथै रकमान्तर तथा कार्यक्रम संशोधन गर्ने प्रवृत्तिमा सुधार ल्याइनेछ। आगामी आर्थिक वर्षको असोज महिनासम्म एवम् असार महिनामा रकमान्तर तथा कार्यक्रम संशोधन गरिने छैन। कुनै एक स्थानीय तहमा हस्तान्तरण भएको रकम अन्य स्थानीय तहमा रकमान्तर तथा कार्यक्रम संशोधन नगर्ने, | यस आर्थिक वर्षको असोज महिनासम्म कार्यक्रम संशोधन तथा रकमान्तर नगरिएको र असार महिनामा रकमान्तर नगर्ने व्यवस्था मिलाईएको। |
| २३३ | प्रदेश तथा स्थानीय तहको सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन, बजेट तर्जुमा, निकासा, खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली तर्जुमा गर्ने। | आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार गरी कर्णाली प्रदेश मन्त्रिपरिषद्‌बाट स्वीकृति लिई प्रदेश सभामा पेस गर्ने चरणमा रहेको। |
| २३४ | बजेट तर्जुमा दिग्दर्शन र कार्य सञ्चालन निर्देशिका परिमार्जन गरी बजेट तर्जुमा तथा खर्च प्रणालीलाई नतिजामुखी बनाइनेछ। साथै आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने। | मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयनमा रहेको। |
| २४१ | करको दायरा विस्तार गरी प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन सङ्घ तथा स्थानीय तहसँग समन्वय गर्ने। कर प्रणालीलाई सरलीकृत र सूचना प्रविधिमैत्री बनाउने। | प्रदेशको आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी बनाउन विभिन्न जिल्लाका स्थानीय तहसँग समन्वय गरिएको। |

## ७. आर्थिक वर्ष २०८०/८१ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- बजेट कार्यान्वयनको लागि ६२ बुँदे मार्गदर्शनसहितको खर्च गर्ने अख्तियारी विषयगत मन्त्रालय, आयोग, सचिवालय, कार्यालयलाई पठाइएको,
- स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि ३२ बुँदे मार्गदर्शन प्रदान गरिएको,

- आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको र विषयगत मन्त्रालयहरूमा पठाईएको,
- कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम मन्त्रालयको आ.व. २०७९/८० को वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईएको,
- आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिकसम्म सम्पादन भएका प्रमुख कार्यहरूको सूचनाको हकसम्बन्धी ऐन बमोजिम त्रैमासिक रुपमा स्वतः प्रकाशन गरिएको,
- आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत रहेका प्रदेश लेखा नियन्त्रक कार्यालय र जिल्लास्थित लेखा इकाई कार्यालयका कार्यालय प्रमुख तथा लेखा प्रमुखहरूको उपस्थितिमा आ.व. २०७९/८० को वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरिएको,
- विभिन्न स्थानीय तहसँग समन्वय गरी प्रदेश सरकारबाट हस्तान्तरण गरिएको रकम मध्ये खर्च नभएको रकम फिर्ता भए/नभएको अध्ययन गरी फिर्ता नगरेका स्थानीय तहलाई उक्त रकम फिर्ता गर्न अनुरोध गरिएको,
- स्थानीय तहबाट सङ्कलित दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर, विज्ञापन कर बापतको प्रदेशले पाउने हिस्सा प्रदेश सञ्चित कोषमा जम्मा गर्न अनुरोध गरिएको,
- प्रदेशस्थित विभिन्न मन्त्रालयबाट माग भई आएको बजेट कार्यान्वयन तथा आर्थिक व्ययभार पर्ने विषयमा राय/सुझाव सहित सहमति प्रदान गरिएको,
- मन्त्रालय तथा मातहतका कर्मचारीको स्तर वृद्धि सम्बन्धी कार्य सम्पन्न गरिएको,
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा निर्देशिका, २०८० तर्जुमा गरिएको,
- आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमाका लागि स्रोत अनुमान समितिको बैठक बसी प्रतिवेदन तयार पारी सङ्घीय अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाईएको,
- आ.व. २०८१/८२ को स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण मध्ये वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको अनुमानित सीमा उपलब्ध गराइएको।
- आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको अर्ध-वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरी विषयगत मन्त्रालयहरूमा पठाईएको।

## ८. समस्या तथा चुनौतीहरूः

- प्रदेश सरकारबाट सङ्घीय सरकार अन्तर्गतका कार्यालयहरुको भौतिक संरचना निर्माणका लागि बजेट माग हुने गरेको जसबाट केन्द्रबाट आएको अनुदान केन्द्रकै संरचना निर्माणमा खर्च हुने गरेको।

- वार्षिक बजेट विनियोजन गर्दा एकमुष्ट रुपमा (अवण्डा) बजेट राख्न नपाईने व्यवस्था भएतापनि केही मन्त्रालयले एकमुष्ट रुपमा बजेट राखेको र उक्त रकम समयमा बाँडफाँट हुन नसक्दा बजेट कार्यान्वयन हुन नसकेको, यसले पुँजीगत खर्च वृद्धिमा अवरोध सिर्जना गरेको।
- प्रदेश लेखा इकाई कार्यालयहरु निमित्तको भरमा चलेका, कार्यालय प्रमुख लगायत प्राविधिक जनशक्तिको अभाव भएको।
- अन्तर मन्त्रालय तथा स्थानीय तहसँगको समन्वयको अभावमा आयोजनाहरु दोहोरो पर्ने सम्भावना रहेको।
- बहुवर्षीय ठेक्का स्वीकृतिका लागि योजना आयोगमा पेस गरी आयोग मार्फत स्रोत सुनिश्चितताको लागि आउनुपर्नेमा विभिन्न मन्त्रालयबाट सिधै आर्थिक मामिला तथा योजना मन्त्रालयमा स्रोत सुनिश्चितताको लागि आउने गरेको। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८०/०७/१५ को सुझाव कार्यान्वयन सम्बन्धी पत्रमा स्रोत सुनिश्चितता सम्बन्धी निर्देशन प्राप्त भएको।
- वार्षिक विकास कार्यक्रममा समावेश नभएका नयाँ आयोजनाका लागि बजेट माग गर्ने प्रवृत्ति अत्याधिक रहेको।
- बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र पछि थप रकम माग गर्ने तथा रकमान्तर प्रस्ताव गर्ने प्रवृत्तिले विनियोजन कुशलता कायम गर्न चुनौति रहेको।
- लैङ्गिक उत्तरदायी बजेट तर्जुमा निर्देशिका, २०८० व्यवहारिक कार्यान्वयनमा चुनौति रहेको।

## ९. आर्थिक वर्ष २०७९/८० को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रकम रू.)*

| अनुदान संख्या | मन्त्रालय/ कार्यालय/ निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८०९१२८७ | १४३५१२८२९ | ६५.८१ |
| **जम्मा** | | **२१८०९१२८७** | **१४३५१२८२९** | **६५.८१** |

***स्रोतः*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आ.व. २०८०/८१ को चैत्र मसान्तसम्मको राजस्व सङ्कलनको विवरणः

| सि.नं. | खर्च शिर्षक | राजस्व शिर्षक | रकम रु. |
|---|---|---|---|
| १ | ११३१५ | बाँडफाँडबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर | ४२५८४२०६.८ |
| २ | ११४११ | बाँडफाड भइ प्राप्त हुने मूल्य अभिवृद्धि कर | ३९४९९०५२०९ |
| ३ | ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १२३२५४७७५२ |
| ४ | ११४५२ | बस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर | १०१६५१ |
| ५ | ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ८५९२८८४९ |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ९४२८८० |
| ७ | १३३११ | समानिकरण अनुदान | ५६६४४५२९३० |
| ८ | १३३१२ | ससर्तअनुदान चालु | ११५३४२५००० |
| ९ | १३३१३ | विशेष अनुदान चालु | १२०६८७२२ |
| १० | १३३१६ | समपुरक अनुदान चालु | ८६४७९६८० |
| ११ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८०८३५३.५ |
| १२ | १४१५३ | बाँडफाँड भइ प्राप्त वन रोयल्टी | २४२१९९३२.९ |
| १३ | १४१५४ | बाँडफाँड भइ प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ५६६९६०.५५ |
| १४ | १४१५६ | बाँडफाँड भइ प्राप्त विद्युत् सम्बन्धी रोयल्टी | ५१६९६६.५ |
| १५ | १४१५७ | बाँडफाँड भइ प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०७८१९२६.१ |
| १६ | १४१५८ | बाँडफाँड भइ प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ५०४४९९.८६ |
| १७ | १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | १५२५७०.९ |
| १८ | १४१९१ | पर्यटन शुल्क | ५३३०० |
| १९ | १४२११ | कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | ८६०१३५ |
| २० | १४२१२ | सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | २९११६९ |
| २१ | १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | ९२१४७ |
| २२ | १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | ३८९५ |
| २३ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ३२०५८५ |
| २४ | १४२२४ | परीक्षा शुल्क | १८३९८२५१ |
| २५ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ६५१६२७७ |
| २६ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १८४४१४३०.४ |
| २७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ९५०१८५७ |

| सि.नं. | खर्च शिर्षक | राजस्व शिर्षक | रकम रु. |
|---|---|---|---|
| २८ | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | २७८६५२ |
| २९ | १४२५५ | टेलिभिजन सञ्चालन दस्तुर | ११०००० |
| ३० | १४२५६ | चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | ४९४६८३८७ |
| ३१ | १४२६४ | वन क्षेत्रको अन्य आय | २३०६५८०४.४ |
| ३२ | १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | २६४०० |
| ३३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४०७८४७७९.४ |
| ३४ | १४५२९ | अन्य राजस्व | १२२९६० |
| ३५ | १५१११ | बेरूजू | ३३००३६१२.६ |
| ३६ | १५११२ | निकासा फिर्ता | ४१३४०५२६.५ |
| ३७ | १५११३ | अनुदान फिर्ता | १०५०६१२८८ |
| ३८ | ३३३४१ | सवारी साधन कर | १८५१७२७१६ |
| **जम्मा** | | | **१२,७९,८९,०२,२६२** |

*__स्रोतः__- प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।*

## ११. आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेट तथा खर्चको यथार्थ अवस्थाः

*(रू. हजारमा)*

| व.उ.शि.नं. | बजेट उपशिर्षक | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६७८१६ | ४५७९३ | ६७.५२ |
| ३०५०००११४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९४२५ | ८३९३ | ८९.१ |
| **जम्मा** | | **७७२४१** | **५४१८६** | **७०.१५** |
| **व.उ.शि.नं.** | **बजेट उपशिर्षक** | **विनियोजन** | **खर्च** | **प्रतिशत** |
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २१७७७ | १५१६७ | ६९.६५ |
| ३०५०१०११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ४३००० | ११४९६ | २६.७३ |
| **जम्मा** | | **६४७७७** | **२६६६३** | **४१.१६** |
| **व.उ.शि.नं.** | **बजेट उपशिर्षक** | **विनियोजन** | **खर्च** | **प्रतिशत** |
| ३०५०१०१२३ | प्रदेश लेखा इकाई कार्यालयहरू | ६५५१३ | ५२७६९ | ८३.३२ |
| ३०५०१०१२४ | प्रदेश लेखा इकाई कार्यालयहरू | ४५६० | ४०४२ | ९७.१६ |
| **जम्मा** | | **७००७३** | **५६८११** | **८१.१** |
| **व.उ.शि.नं.** | **बजेट उपशिर्षक** | **विनियोजन** | **खर्च** | **प्रतिशत** |
| ३०५०३०११३ | जिल्ला समन्वय समितिहरू | ६००० | ५८५२ | ९७.५३ |
| **जम्मा** | | **६०००** | **५८५२** | **९७.५३** |

*__स्रोतः__ आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १२. आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेट तथा खर्चको चैत्र सम्मको विवरणः

*(रकम रु हजारमा)*

| व.उ.शि.नं. | बजेट उपशिर्षक तथा कार्यक्रम | विनियोजित रकम | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८३९७१ | ३४६८७ | ४१.३० |
| ३०५०००११४ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ८१५० | ५४४७ | ६६.८३ |
| | | | | |
| **व.उ.शि.नं.** | **बजेट उपशिर्षक तथा कार्यक्रम** | **विनियोजन** | **खर्च** | **प्रतिशत** |
| ३०५०१०११३ | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०३३२ | ९९९३ | ४९.१४ |
| ३०५०१०११४ | प्रदेश लेखा नियन्त्रक कार्यालय | ८५०० | ० | ० |
| ३०५०१०१२३ | प्रदेश लेखा इकाई कार्यालयहरू | ६३४५४ | ३४५८२ | ५४.५० |
| ३०५०१०१२४ | प्रदेश लेखा इकाई कार्यालयहरू | २८०० | १६३९ | ५८.५४ |
| ३०५०३०११३ | जिल्ला समन्वय समितिहरू | ६००० | २१८४ | ३६.४ |
| ३०५०२०११३ | मालपोत कार्यालय | ६०० | ० | ० |
| **कुल जम्मा** | | **१९३८०७** | **८८५३२** | **४५.६९** |

## १३. मन्त्रालयबाट तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड :

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८० |
| २ | लैङ्गिक उत्तरदायी बजेट तर्जुमा निर्देशिका, २०८० |
| ३ | कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८० |

## १४. विद्यमान जनशक्तिको अवस्थाः

- स्वीकृत दरबन्दीः ३८
- पदपूर्ति दरबन्दीः २६
- रिक्त दरबन्दीः १२

## १५. मन्त्रालयको सम्पर्क ठेगाना :

वेवसाईटः http://moeap.karnali.gov.np/

ईमेलः moeap6@gmail.com

फोन नं.: ०८३-५२१३७१

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४ माघ १० गतेको निर्णयानुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना भएको हो। प्रदेशलाई औद्योगिकीकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी, तथा विदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन तथा निर्यातजन्य पदार्थको उत्पादन गरी निर्यात गर्ने। लघु, घरेलु, तथा साना उद्योगहरूको माध्यमबाट गरीबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउने। कर्णाली प्रदेशमा रहेका मुर्त, अमुर्त सांस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र विकास गर्ने। प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि, समग्र प्रादेशिक आर्थिक विकास र समुन्नति टेवा पुऱ्याउने। वन, वातावरण तथा जलाधार क्षेत्रको संक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्य रहेको छ।

## २. दीर्घकालीन सोच :

दिगो वन व्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत प्रदेशको समृद्धि।

## ३. ध्येय :

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने।

## ४. रणनीतिक उद्देश्यहरूः

- जनसहभागितामूलक तथा वैज्ञानिक व्यवस्थापन पद्धति अवलम्बन गर्दै वन, वन्यजन्तु तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने।

- सामुदायिक वन मार्फत वातावरणमैत्री हरित अर्थतन्त्र विकास गर्न उच्च मूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोट बिरुवाहरू वृक्षारोपण अभियानको रुपमा सञ्चालन गर्ने।
- निजी तथा सहकारी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै जडिबुटी, काठ तथा लघु घरेलु उद्यमहरूको प्रवर्द्धन, विविधीकरण र बजारीकरण गर्ने।
- प्रदेशमा रहेका सबै ऐतिहासिक, धार्मिक, पूरातात्त्विक स्थल, भाषा, धर्म संस्कृतिको खोज, संरक्षण र सम्वर्द्धन गर्ने।
- जलवायु परिवर्तनको नकारात्मक प्रभाव कम गर्न अनुकूलनका उपायहरू अवलम्बन गर्दै हिमाली क्षेत्रमा वन बुट्यान, बिउ र बाली संरक्षणको विशेष कार्यक्रम सञ्चालन गर्ने।
- स्वच्छ वातावरण जलाधार पुनरुत्थान, सार्वजनिक क्षेत्र सरसफाइ गर्दै सार्वजनिक स्थल, नदी किनार, सडक छेउ, खोल्सा–खोल्सीमा बाँस, अम्रिसो, फलफूल लगायतका आयमूलक बहुउपयोगी बोट बिरूवा लगाई जैविक प्रविधि प्रयोगमा सबै स्थानीय तहका केन्द्रहरूलाई हरित नगरको रुपमा विकसित गर्ने।
- हवाई यातायातको सुविधाका लागि आवश्यक समन्वयात्मक कार्य गर्ने।

## ५. कार्य क्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण। |
| २. | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन। |
| ३. | ढुवानी, परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन। |
| ४. | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता। |
| ५. | व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन। |
| ६. | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय। |
| ७. | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ८. | कलकारखाना र औद्योगीकीकरण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र  नियमन। |
| ९. | उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन। |
| १०. | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना सञ्चालन र विस्तार। |
| ११. | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन। |
| १२. | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन। |
| १३. | उपभोक्ताहरूको अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन। |
| १४. | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन। |
| १५. | सङ्घीय मापदण्ड अनुसार स्टाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन। |
| १६. | उपभोक्ता अदालत गठन र सञ्चालन। |
| १७. | अत्यावश्यक वस्तुहरूको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय। |
| १८. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन। |
| १९. | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन। |
| २०. | सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन। |
| २१. | दामासाहीमा परेका उद्योग, व्यावसायीक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २२. | प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन। |
| २३. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन। |
| २४. | सङ्घीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी। |
| २५. | प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| २६. | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन। |
| २७. | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग। |

| क.सं. | कार्य जिम्मेवारी |
|---|---|
| २८. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता। |
| २९. | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन। |
| ३०. | पर्यटक प्रहरी व्यवस्थापन। |
| ३१. | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, ऱ्याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन। |
| ३२. | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ३३. | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण। |
| ३४. | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन। |
| ३५. | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन। |
| ३६. | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन। |
| ३७. | जडीबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क ,सङ्कलन। |
| ३८. | वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह। |
| ३९. | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग। |
| ४०. | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरियमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन। |
| ४१. | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट। |
| ४२. | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन। |
| ४३. | प्रदेशभित्र भू–स्खलन नियन्त्रण। |
| ४४. | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन। |
| ४५. | प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन। |
| ४६. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना। |
| ४७. | प्रदेशस्तरमा वातावरणीय जोखिम न्यूनीकरणका लागि तयारी तथा उद्धार। |
| ४८. | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन। |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ४९. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण। |
| ५०. | प्रदेशस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन। |
| ५१. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन। |
| ५२. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण। |
| ५३. | भू-परिधी क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन। |
| ५४. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण। |
| ५५. | अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन। |
| ५६. | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बिउ उत्पादन, बिउ बगैंचा स्थापना र व्यवस्थापन। |
| ५७. | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| ५८. | प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन। |
| ५९. | वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| ६०. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग। |
| ६१. | वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास। |
| ६२. | विज्ञान सङ्ग्रहालय र प्लोटोरियमको स्थापना र सञ्चालन र व्यवस्थापन। |

## ६. आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्तसम्मको प्रगति विवरण :

| बुँदा नं. | वजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १६ | कर्णाली प्रदेश भित्रका विषयगत मन्त्रालयहरूले सञ्चालन गर्ने सिप विकास तालिम, प्रशोधन केन्द्र स्थापना र स्टार्टअ बिजनेस लगायतका कार्यक्रमलाई कर्णाली समृद्धि परियोजनासँग आबद्ध गर्ने। | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र मातहतका कार्यालयबाट जिल्लाको मागका आधारमा सिप विकास तालिमहरू सञ्चालन गरिएको। हुम्लामा खामु चुली तेल, मुगुमा डाँले चुक प्रशोधन केन्द्र स्थापनाको चरणमा रहेका। |

| बुँदा नं. | वजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १५३ | उद्यमशीलता विकास तथा महिला आयआर्जन कार्यक्रम मार्फत आर्थिक विकास गर्ने। | महिलाको जिविकोपार्जनमा सुधार ल्याउन रोजगारमूलक तालिमहरू सञ्चालन गरी महिलाहरूमा आर्थिक सचेतना र आफ्नै स्वामित्वमा उद्योग खोल्न प्रोत्साहन गरिएको। |
| १५४ | वस्तु विकास प्रशिक्षण कक्षको स्थापना गर्ने। | उद्योग तथा उपभोक्ता हित निर्देशनालय र मातहतका कार्यालयबाट सबै जिल्लामा वस्तु विकास प्रशिक्षण कक्षको स्थापना भइ सञ्चालन भइरहेको छ। |
| १५६ | २० प्रतिशतसम्म महङ्गो भएपनि कर्णालीमा उत्पादित वस्तुहरू खरिद गर्ने व्यवस्था गरिएको। | कार्यालयका लागि आवश्यक पर्ने वस्तुहरू खरिदमा कर्णालीमा उत्पादित वस्तुहरूलाई प्राथमिकता दिने गरिएको। |
| १५८ | सिपसँग सहयोग कार्यक्रम सञ्चालन गर्ने। | सबै जिल्लाहरूमा सिपसँग सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमीहरूलाई प्रविधि तथा उपकरण हस्तान्तरण गरिएको। |
| १५९ | कोसेली तथा सौगात घर स्थापना र सञ्चालन गरिनेछ। | वीरेन्द्रनगरमा रहेको कोसेली घरको निर्माण कार्य सम्पन्न भएको। कृषकहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरणका लागि e-SAUGAT अनलाईन पोर्टल निर्माण गरी सञ्चालनको तयारीमा रहेको। |
| १६१ | रामघाटमा प्रादेशिक विमानस्थल निर्माण कार्यका लागि समन्वय गरिनेछ। | सङ्घीय सरकारसँगको समन्वयमा वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य भइरहेको। |
| १६३ | पर्यटन गुरुयोजना कार्यान्वयन तथा साहसिक खेल प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | गुरुयोजनाले निर्दिष्ट गरेका कार्यहरूमा बजेट विनियोजन गरी कार्यहरू भइरहेको। ४९ किलोमिटरको जुम्ला-रारा अल्ट्रा म्याराथन र रुकुममा मौराखारा म्याराथन सम्पन्न भएको। |
| १६४ | पर्यटकीय गन्तव्य विकासका लागि वातावरणीय अध्ययन सहित विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने। | सुर्खेत जिल्लाको जाजुरा दहको विस्तृत परियोजना तयार गरी वातावरणीय अध्ययन भइरहेको। |
| १६५ | दरबार क्षेत्रको विकास र संरक्षण गर्ने। | जुम्लाको कनकासुन्दरी र दैलेखको दूल्लु दरबार क्षेत्रमा संरक्षणका कार्यहरू सञ्चालनमा रहेका। |

| बुँदा नं. | वजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १६६ | पिलि र खारा युद्ध सङ्ग्रहालय निर्माण गरिनेछ। | पिलि युद्ध सङ्ग्रहालय निर्माणको कार्य अन्तिम चरणमा रहेको र खारा युद्ध सङ्ग्रहालयको कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। |
| १६९ | दिगो वन समृद्ध जीवन कार्यक्रम सञ्चालन गर्ने। | वन विकासका कार्यक्रमहरू मार्फत स्थानीय रोजगारीमा वृद्धि भइ समुदायको प्रत्यक्ष सहभागितामा वन सम्वर्द्धनका क्रियाकलापहरू सञ्चालन गरिएको। |
| १७० | लेक तथा पाटन संरक्षण गर्ने। | हुम्ला दैलेख र रुकुम ,डोल्पा ,मुगु ,जुम्ला , पश्चिममा लेक तथा पाटन संरक्षण कार्यक्रम मार्फत स्थानीय समुदाय तथा गोठालाहरूसँग बैठक अन्तर्क्रिया तथा सचेतना कार्यक्रम, चरिचरण तथा आगलागि नियन्त्रण, चोरी शिकार नियन्त्रण, जैविक विविधता संरक्षणका क्रियाकलापहरू सञ्चालन भइरहेको। |
| १७१ | विरुवा उत्पादन तथा वृक्षरोपण गर्ने। | हालसम्म १,०४,३०० ओटा विरुवा उत्पादन गरी १६ हेक्टर क्षेत्रफलमा वृक्षारोपण सम्पन्न गरिएको। |
| १७२ | हरित रोजगारी तथा आयआर्जन वृद्धि गरिनेछ। | वन विकासका कार्यक्रमहरू मार्फत खोटो सङ्कलन, जडिबुटी सङ्कलन, वनमा स्थलगत अभ्यास तथा वनको दिगो उपयोग मार्फत हरित रोजगारी सृजना भई वन क्षेत्रबाट रु.३ करोड ७२ लाख २४ हजार रुपैया राजस्व समेत सङ्कलन भएको छ। |
| १७३ | एकीकृत जलाधार व्यवस्थापन गर्ने | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू मार्फत प्रदेशका सबै जिल्लामा भू संरक्षण, पहिरो नियन्त्रण, नदी कटान रोकथाम, जल पुनर्भरण पोखरी निर्माण, तटबन्ध निर्माण, पानी मुहान संरक्षण जस्ता बहुआयामिक क्रियाकलापहरू सञ्चालन भएको छ। |
| १७५ | काक्रेविहार वन संरक्षण क्षेत्रलाई प्राणी उद्यानको रुपमा विकास गर्ने। | कँक्रिविहार वन संरक्षण क्षेत्रलाई प्राणी उद्यानको रुपमा विकास गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सम्भाव्यता अध्ययन भइरहेको छ। |

## ७. आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- ११ वटा खोटो सङ्कलन लगायतसँग सम्बन्धीत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत भएको छ। लखरपाटा-जामु सुनगाडा सडक आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृतीको चरणमा रहेको छ।
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम कर्मचारीहरूको स्तर वृद्धि गरिएको।
- ३८.५७ प्रतिशत वन क्षेत्रको संरक्षण, सदुपयोग तथा व्यवस्थापन भएको।
- २५ हेक्टर वनमा भएको अतिक्रमण नियन्त्रण भएको।
- कर्णाली प्रदेशको वन क्षेत्रको रणनीतिक योजना निर्माण।
- वन डढेलो नियन्त्रण सम्बन्धी रणनीतिक योजना निर्माण।
- प्रदेश भित्रका पहिरो संवेदनशील क्षेत्रहरू पहिचान भएको।
- ६११९० क्यू फिट काठ तथा ६१ चट्टा दाउरा उत्पादन भइ विक्रि वितरण भएको
- विरुवा उत्पादन कार्य जारी रहेको।
- १६ हेक्टर क्षेत्रफलमा वृक्षारोपण (Including Winter Plantation) भएको, थप क्षेत्रफलमा वृक्षारोपणका कार्यहरू भइरहेका।
- वन क्षेत्रबाट रु.३ करोड ७२ लाख २४ हजार, पर्यापर्यटनबाट २८२०० रुपैयाँ तथा उद्योग क्षेत्रबाट रु. ३६६०९३४४ रकम राजस्व प्राप्त।
- ९ वटा नयाँ सामुदायिक वन उपभोक्ता समुह, ६ वटा निजी वन समुह गठन, दर्ता तथा हस्तान्तरण भएको।
- काँक्रेविहार वरिपरि कम्पाउण्ड वाल निर्माण आयोजनको म्याद थप गरी बाँकी निर्माणको कार्य अगाडी बढाउन पहल भएको।
- जुम्ला रारा अल्ट्रा म्याराथन मार्फत अन्तराष्ट्रीय स्तरमा कर्णालीको प्रचारप्रसार गरिएको, एसिया ट्रेल मास्टर (www.asiatrailmaster.com) को महत्त्वपूर्ण रेसको रुपमा जुम्ला रारा अल्ट्रा म्याराथनलाई समावेश गरिएको।
- पहिरो रोकथाम, नदी कटान नियन्त्रण, भू-संरक्षण लगायतका कार्यहरू गरिएको, प्राकृतिक रिचार्ज पोखरीहरू निर्माण, पानी मुहानहरूको संरक्षण तथा सिमसार क्षेत्रको व्यवस्थापन गरिएको।
- बुलबुले गुरुयोजना कार्यान्वयन मार्फत बुलबुले ताल विस्तार, वाल संरक्षण तथा तालमा पानीको मात्रा बढाएर पर्यापर्यटनका कार्यहरू स्थानीय तह मार्फत सञ्चालन गरिएको।
- उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट सबै जिल्लाहरूमा सिप प्रतियोगिता, उद्यमशीलता विकास तथा सिप विकास तालिमहरू सञ्चालन गरिएको।

- मेसिनरी औजारहरू वितरण भएको तथा बजार अनुगमनका कार्यहरू तीव्र रुपमा सञ्चालन गरिएको।
- लक्षित वर्ग विशेष कार्यक्रमहरू सञ्चालन भएका, मेला महोत्सवमा उत्पादित वस्तुहरू प्रदर्शन गर्न उद्यमी/उद्योगीहरूलाई सहयोग गरिएको।

## ८. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या तथा चुनौतिहरुः

- १५ लाख भन्दा कम रकम विनियोजन भएका आयोजनाको कार्यान्वयनमा अन्यौलता।

## ९. तत्काल गर्नुपर्ने सुधारका क्षेत्रहरू

- पर्यटन तर्फका पूर्वाधार निर्माणका कार्यहरू भौतिक तथा पूर्वाधार विकास मन्त्रालयबाट सम्पादन हुने गरी कार्यविभाजन नियमावली संशोधन हुनुपर्ने, मन्त्रालयले पर्यटन प्रवर्द्धन लगायत प्रचार प्रसारका कार्यहरू गर्दा उपयुक्त हुने।
- सांस्कृतिक महत्त्वको मन्दिर संरचना निर्माण, मर्मत, जगेर्ना लगायतका कार्य सामाजिक विकास मन्त्रालयबाट गरिनुपर्ने।
- पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण धार्मिक सम्पदाहरू मात्र यस मन्त्रालय मार्फत् गर्ने व्यवस्था मिलाउँदा प्रभावकारी हुने।
- प्रादेशिक महत्त्वका विकास निर्माण कार्यको लागि वातावरणमा प्रतिकुल असर नपर्ने गरी निश्चित अवधिको लागि वन क्षेत्र प्रयोग गर्न दिने अधिकार प्रदेश सरकारमा रहने गरी सङ्घीय सरकार समक्ष पहल गर्ने।
- जिल्लास्थित कार्यालयबाट प्रस्ताव गरिएका कार्यक्रमलाई पहिलो प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समेट्नुपर्ने।
- टुक्रे कार्यक्रमहरू निरुत्साहित गरिनुपर्ने।

## १०. आर्थिक वर्ष २०७९/०८० मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण

*(रकम रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २१८७६८९.९९ | १४२०७३६ | ६४.९४ |
| | **जम्मा** | **२१८७६८९.९९** | **१४२०७३६** | **६४.९४** |

***स्रोतः*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ११. आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्मको खर्चको प्रगति अवस्थाः

*(रकम रू. हजारमा)*

| क्र. सं. | ब.उ.शि.नं. | बजेट उपशिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०७०००११३ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५,८६,९४ | २,८७,६२ | ४९ |
| २ | ३०७०००११४ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६७,८८ | १२,६७ | १८.६७ |
| ३ | ३०७०१०११३ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ३,१९,२८ | १,२०,३० | ३७.६८ |
| ४ | ३०७०१०११४ | उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | ३२,०० | ३२०० | १०० |
| ५ | ३०७०१०१२३ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | १३,२५,०३ | ४,५५,९९ | ३४.४१ |
| ६ | ३०७०१०१२४ | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय | १,२७,२० | ४९,०२ | ३८.५४ |
| ७ | ३०७०१९०१३ | सिप विकास तथा रोजगारमूलक तालिम | ७,००,०० | २,९०,१६ | ४१.४५ |
| ८ | ३०७०१९०१४ | सिप विकास तथा रोजगारमूलक तालिम | १,८९,०० | ९७,१५ | ५१.४ |
| ९ | ३०७०१९०२३ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | ४,७७,५० | २७,२३ | ५.७ |
| १० | ३०७०१९०२४ | उद्यम विकास तथा प्रवर्द्धन कार्यक्रम | १,९०,०० | १८,७२ | ९.८५ |
| ११ | ३०७०२०११३ | वन तथा वातावरण निर्देशनालय | २,३७,७२ | १,२३,२९ | ५१.८६ |
| १२ | ३०७०२०११४ | वन तथा वातावरण निर्देशनालय | १,३६,५० | ३७,६० | २७.५५ |
| १३ | ३०७०२०१२३ | डिभिजन वन कार्यालय | ४२,९०,२१ | २१,२४,४३ | ४९.५२ |
| १४ | ३०७०२०११४ | डिभिजन वन कार्यालय | ४,९७,६० | १,७१,७४ | ३४.५१ |
| १५ | ३०७०२९०१३ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ४,९१,६६ | २,३१,४५ | ४७.०८ |
| १६ | ३०७०२९०१४ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | २,०१,९५ | ३५,२९ | १७.४७ |

| क्र. सं. | ब.उ.शि.नं. | बजेट उपशिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १७ | ३०७०२९०२४ | एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम | ३२,१६,५० | २,५२,१३ | ७.८३ |
| १८ | ३०७०२९०३३ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास | ९५,०० | १,९६ | २.०६ |
| १९ | ३०७०२९०३४ | पर्यटन प्रवर्द्धन कार्यक्रम/पर्यापर्यटन विकास | ४१,८८,५० | ५,९८,८५ | १४.३० |
| २० | ३०७०२९०४३ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | २,०९,७० | २६,०५ | १२.४२ |
| २१ | ३०७०२९०४४ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | १२,४०,३१ | २,१२,४४ | १७.१३ |
| २२ | ३०७०३०११३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | २,४५,७५ | १,५१,३४ | ६१.५८ |
| २३ | ३०७०३०११४ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १,०२,५० | ४०,८८ | ३९.८८ |
| २४ | ३०७०३९०१४ | अनुसन्धान तथा विकास | ३,१९,५० | १,३४ | ०.४२ |
| २५ | ३०७९११२०४ | जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४,८०,०० | ८४,१५ | १७.५३ |
| २६ | ३०७९११२१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३०,०० | ३,४० | ११.३३ |
| २७ | ३०७९११२१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ५,१५,०० | ५२,२३ | १०.१४ |
| २८ | ३०७९११२२४ | वातावरण विभाग (सङ्घ ससर्त अनुदान) | १,४५,०० | ३,०० | २.०७ |
| २९ | ३०७९११२३३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४,२८,०० | २०,७१ | ४.८४ |
| ३० | ३०७९११२४४ | जडिबुटि विकास कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३,००,०० | १४,६८ | ४.८९ |
| ३१ | ३०७९११२७३ | वन तथा भू-संरक्षण विभाग (सङ्घ ससर्त अनुदान) | ४,४१,०० | २,६०,७५ | ५९.१३ |
| ३२ | ३०७९११२९३ | डिभिजन वन कार्यालय (वन सुरक्षा सैनिक समेत)/(सङ्घ ससर्त अनुदान) | ८३,०० | ५२,५८ | ६३.३५ |
| **कुल जम्मा** | | | **२,१९,१०,२३** | **५८,९३,५६** | **२६.९** |

## १२. यस आ.व.मा तर्जुमा तथा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | प्रदेश पर्यटन नियमावली, २०८० |
| २ | प्रदेश वन नियमावली, २०८० |
| ३ | व्यापार व्यवसाय दर्ता तथा सञ्चालन नियमावली, २०८० |
| ४ | श्रम सल्लाहकार परिषद् गठन तथा सञ्चालन कार्यविधि, २०८० |

## १३. विद्यमान जनशक्तिको अवस्था :

स्वीकृत दरबन्दी : ६९३
पदपूर्ति दरबन्दी : ५३०
रिक्त दरबन्दी : १७०

## १४. मन्त्रालयको सम्पर्क ठेगाना :

वेवसाईट : *http://moitfe.karnali.gov.np/*
ईमेल : *moitfe@karnali.gov.np*
फ्याक्स : ०८३-५२०२७१
फोन नं. : ०८३-५२५२८८,५२२५१४

# जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

## १. पृष्ठभूमिः

### ऊर्जा

कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार जलविद्युत् उत्पादन क्षमता करिब २०,००० मेगावाट रहेको तथा कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनामा कर्णाली समृद्धिको प्रमुख सम्वाहकको रुपमा जलविद्युत् रहेको छ। कर्णाली प्रदेश प्रथम पञ्चवर्षिय योजनाको अवधिमा २०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिईएता पनि उक्त अवधिमा ऊर्जा विकासको क्षेत्रमा ऊर्जा विकास, विस्तार र व्यवस्थापनको एकीकृत कार्यक्रम कार्यान्वायन गर्न प्रदेश स्तरमा एउटा छुट्टै कार्यालय स्थापना गर्ने नीतिगत निर्णय, ग्रामीण विद्युतीकरण कार्यक्रम मार्फत केही दुर्गम बस्तीहरूमा विद्युत् सेवामा पहुँच वृद्धि र सोलार मिनिग्रिड लगायत नवीकरणीय ऊर्जाको क्षेत्रमा केही जिल्लामा साना आयोजना सञ्चालन बाहेक लक्ष्य अनुसारको उल्लेखनीय प्रगति हासिल हुन नसकेको अवस्था छ। कर्णाली प्रदेशबाट हालसम्म ८.५५ मेगावाट जलविद्युत् मात्र राष्ट्रिय ग्रिडमा आवद्ध छ। जलविद्युत् सेवाको पहुँच प्रदेशको ८३.३ प्रतिशत जनतामा मात्र पुगेको छ । अतः प्रदेशको सबै घरधुरीमा विद्युत् सेवाको पहुँच विस्तार गर्न, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको मागलाई सम्बोधन गर्न, दिगो विकास लक्ष्य पुरा गर्न एवम् विद्युतमा आत्मनिर्भर भइ निर्यात समेत गर्न प्रदेशको अपार जलविद्युत् क्षमतालाई सदुपयोग गर्न आवश्यक छ।

### सिँचाइ

कर्णाली प्रदेशको खेती योग्य जमीनको २९ प्रतिशतमा मात्र वर्षैभरि सिँचाई सुविधा उपलब्ध छ। हिमाली, उच्च पहाडी तथा केही न्यून मात्रामा भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिँचाइबाट जम्मा ३० हजार ३९६ हेक्टर जमिनमा मात्र सिँचाइ सेवा उपलब्ध हुनसक्ने देखिन्छ भने थप ६९,५९७ हेक्टर जमिनमा लिफ्ट सिँचाइ प्रणाली मार्फत सिँचाइ सेवा उपलब्ध गराउनु पर्ने देखिन्छ। हालका दिनमा परम्परागत सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित सिँचाइ, भूमिगत सिँचाइ तथा वर्षातको पानी संङ्कलन जस्ता वैकल्पिक माध्यमबाट सिँचित कृषि क्षेत्रको विस्तार हुदै आइरहेको छ। योजना अवधिमा सिँचाइ हुन बाँकी खेतीयोग्य जमीनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टावर,

पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सबै स्थानमा वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन पोखरी जस्ता वैकल्पिक उपायहरू तथा पानी भण्डारण सहितका ठुला सतह सिँचाइ आयोजना, लिफ्ट प्रविधिमा आधारित ठुला आयोजना र बिगतमा निर्माण भएका र परम्परागत रुपमा कृषक समुहबाट सञ्चालन गरिएका तर बाढी पहिरो लागायत विभिन्न कारणले सञ्चालनमा नरहेका सम्पूर्ण आयोजनालाई आवश्यक मर्मत सुधार तथा पुनर्स्थापन कार्यक्रम मार्फत सिँचाइ सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ।

**खानेपानी**

मानव जिवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाइ सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा ९३.६ प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ। कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भइ आधारभूत सरसफाइ सुविधाको उपयोग गरिरहेका छन्। नागरिकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको सेवाहरू सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाइ सुविधा दिगो, भरपर्दो, पहुँच योग्य, सर्वसुलभ हुन जरुरी छ। यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस मन्त्रालयले निरन्तर प्रयास गरेको छ।

## २. दीर्घकालीन सोचः

१. जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि।
२. वैकल्पिक ऊर्जा विकास मार्फत ऊर्जामा पहुँच विस्तार।
३. दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि।
४. स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

## ३. लक्ष्यः

१. जलविद्युत्को विकास गरी तीव्र आर्थिक विकास गर्ने।
२. वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा पहुँच सुनिश्चित गर्ने।
३. कृषियोग्य भूमिमा बाह्रैमास सिँचाइ सुविधा उपलब्ध गराउने।
४. आधारभूत खानेपानी र सरसफाइ सेवा सबै नागरिकहरूलाई उपलब्ध गराउने।

## ४. रणनीतिक उद्देश्यहरूः

१. जलविद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु।
२. न्यून कार्बन उत्सर्जन गरी वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुऱ्याउनु।
३. परम्परागत तथा आधुनिक सिँचाइ प्रविधिको उपयोग गरी अधिकतम कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु।
४. सबैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीलाई सफा सुग्घर बनाई पूर्ण सरसफाइतर्फ अग्रसर बनाउनु।

## ५. रणनीतिहरुः

१. जलविद्युतको उत्पादन र वितरणबाट कृषि, उद्योग र सेवा क्षेत्रको विकास गर्नु।
२. न्यून कार्वन उत्सर्जन गरी वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुर्याउनु।
३. परम्परागत तथा आधुनिक सिँचाइ प्रविधिको उपयोग गरी अधिकतम् कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु।
४. सवैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीलाई सफा सुग्घर बनाई पूर्ण सरसफाई तर्फ अग्रसर बनाउनु।
५. सङ्घसँगको समन्वयमा ठूला जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने।
६. विद्युत् उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रिडमा प्रवाह गर्न प्रसारण लाइनहरू निर्माण गर्ने।
७. प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत् आयोजना सञ्चालन गर्ने।
८. वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने।
९. स्थानीयबासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने।
१०. सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने।
११. सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने।
१२. सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने।
१३. आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने।
१४. सामुदायिक सहभागितामा सरसफाइलाई अभियानका रुपमा सञ्चालन गर्ने।
१५. मौजुदा खानेपानी सेवालाई स्तरोन्नति गरी क्रमिक रुपमा मध्यम तथा उच्चस्तरको बनाउदै लैजाने।

## ६. कार्यक्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन्:

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | प्रदेशस्तरको ऊर्जा, विद्युत्, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानून, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन गर्ने। |
| २ | प्रदेशस्तरमा ऊर्जा, विद्युत्, खानेपानी तथा सिँचाइ सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन गर्ने। |
| ३ | ऊर्जा, विद्युत्, सिँचाइ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन गर्ने। |
| ४ | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने। |
| ५ | राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन गर्ने। |
| ६ | प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। |
| ७ | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय गर्ने। |
| ८ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन गर्ने। |
| ९ | मौसम र जल मापन सञ्चार सञ्चालन व्यवस्थापन। |
| १० | जल गुण तथा वायु गुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन। |
| ११ | प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको गुणस्तर, सेवा शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन। |
| १२ | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन। |
| १३ | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता। |

## ७. आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ५४ | कर्णालीबासीको आधारभूत खानेपानी सेवामा पहुँच सुनिश्चित गरी स्वच्छ, नियमित र गुणस्तरीय खानेपानी उपलब्ध गराउनको लागि निर्माणाधीन बहुवर्षीय र क्रमागत आयोजनालाई उच्च प्राथमिकता दिई सम्पन्न गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा वीरेन्द्रनगर सुर्खेतको बृहत खानेपानी आयोजनालाई शीघ्र सञ्चालन गर्ने। | निर्माणाधीन बहुवर्षीय र क्रमागत आयोजना प्रथामिकताका साथ कार्यान्वयन भइरहेको र यस आ.व.को वजेट कार्यान्वयनबाट थप ९८००० जनसंख्या लाभान्वित हुने अपेक्षा छ। सुर्खेत बृहत खानेपानी आयोजनाको पहिलो चरणको ठेक्का र व्यवस्थापन भएको छ। |
| ५५ | खानेपानीको गुणस्तर सुधार गरी स्वच्छ खानेपानी उपलब्ध गराउन सुर्खेतको वीरेन्द्रनगरमा खानेपानी परीक्षण केन्द्रको सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने। | खानेपानी सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय मातहत रहने गरी प्रदेश स्तरीय खानेपानी परीक्षण प्रयोगशाला सञ्चालनमा रहेको छ। |
| ५६ | औद्योगिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक पर्ने खानेपानी, विद्युत् लगायतका पूर्वाधार निर्माण गर्ने। | मागको आधारमा औधोगिक सांस्कृतिक तथा पर्यटकिय क्षेत्रको पूर्वाधार विकास भएका छन्। |
| ५७ | बालबालिकाका लागि स्वच्छ र गुणस्तरीय खानेपानी सुविधामा पहुँच वृद्धि गर्न गुणस्तरीय खानेपानी सुविधा नभएका सार्वजनिक विद्यालय र समुदाय पहिचान गरी विकास साझेदारसँगको साझेदारी समेतमा खानेपानी सुविधा पुऱ्याउने। | खानेपानी सुविधा नागरिकको मौलिक हक भएको हुँदा विकास साझेदार समेतको साझेदारीमा सार्वजानिक विद्यालय, समुदाय तथा अन्य नागरिकलाई स्वच्छ र गुणस्तरिय खानेपानी सुविधाका लागि कार्य भइरहेको छ। |
| ५८ | सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन सञ्चालित खानेपानी प्रणालीको सुदृढीकरण तथा स्तरोन्नति कार्यक्रम अन्तर्गत खानेपानी मर्मत कोषका लागि आवश्यक रकमको व्यवस्था गरेको छु। स्थानीय | एक घर एक धारा अभियानका रुपमा अघि बढाइएको र सोही अनुसार सबैको खानेपानीमा पहुँच हुनेगरी निर्माण कार्य भइरहेको छ। साथै निर्माण सम्पन्न भएका र सञ्चालनमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तहसँगको सहकार्यमा **एक घर एक धारा** अभियान सञ्चालन गर्ने। | नरहेका खानेपानी आयोजना पुर्नस्थापना गर्न सबै जिल्लाका कार्यालयबाट कार्यक्रम सञ्चालन भइरहेको छ। |
| ५९ | स्वच्छ खानेपानी उपलब्धताको लागि निर्माणाधीन खानेपानी आयोजनालाई प्राथमिकताका आधारमा क्रमशः सम्पन्न गर्दै लैजाने, लामो समयदेखि सञ्चालनमा रहेका तर विपद् लगायतका कारण अवरूद्ध भएका खानेपानी आयोजनाको मर्मत सम्भार गरी नियमित सञ्चालन गर्ने र खानेपानी आपूर्तिको पहुँचभन्दा बाहिरका बस्तीहरूमा सम्भाव्यता अध्ययन गरी प्राथमिकताको आधारमा क्रमशः आयोजना कार्यान्वयन गर्ने व्यवस्था गर्ने। | खानेपानी सेवाबाट तत्काल लाभ हासिल गर्न प्रथामिकताका आधारमा क्रमागत आयोजनामा बजेटको व्यवस्थापन गरी सम्पन्न गरिएको तथा विपद्बाट प्रभावित आयोजनाको लागत तयार गरी आवश्यक समन्वय गरी विकास साझेदार समेत परिचालन गरिएको छ। |
| ६० | मुगुको सोरू गाउँपालिकाको वडा नं. १ र २ मा खाद्यान्न तथा पोषण न्यूनता पूर्तिका लागि खानेपानी तथा सिँचाई आयोजना सञ्चालन गर्ने। | खाद्यान्न तथा पोषण न्युनता पूर्तिका लागि सञ्चालन भएको उक्त आयोजनाको ल.ई. स्वीकृत भइ ठेक्का पट्टाको चरणमा रहेको छ। |
| ६१ | दैलेख जिल्लाको बारतडी खानेपानी तथा बहुउद्देश्यीय आयोजना र पञ्चकोशी क्षेत्र वृहत खानेपानी आयोजना सञ्चालन गर्ने। | उक्त आयोजना कार्यान्वयनका लागि DPR तथा वातावरणीय अध्ययन कार्य भइरहेको छ। |
| ६२ | जलवायु परिवर्तनले समेत पानीको परिमाणमा असर नपर्ने स्रोतहरूको खोजी गरी सोको उपयोग मार्फत दिगो रूपमा खानेपानी व्यवस्थापन गर्दै जनताको खानेपानी तथा सरसफाईमा सहज पहुँचको संवैधानिक हक सुनिश्चितताका लागि जलवायु अनुकूलित खानेपानी आयोजना सञ्चालन गर्ने। | जलवायु अनुकूलित खानेपानी आयोजना अन्तर्गत विभिन्न खानेपानी आयोजना निर्माण भइरहेका छन्। |
| ६३ | निर्माण सम्पन्न भएका खानेपानी आयोजनाको दिगोपना र सुचारूपनाको लागि स्थानीय तह र अन्य विकास साझेदारसँगको समन्वयमा | खानेपानी आयोजनाको दिगोपनाको लागि माग र आवश्यकताको आधारमा विभिन्न जिल्लामा मर्मत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | एक स्थानीय तह एक मर्मत सम्भार प्राविधिक र खानेपानी गुणस्तर परीक्षणको लागि एक स्थानीय तह एक गुणस्तर परीक्षकको व्यवस्था मिलाउने। | सम्भार कार्यतर्फ तालिम उपभोक्ता समितिको क्षमता विकास गुणस्तर परीक्षण किटको हस्तान्तरण लगायतका कार्य सञ्चालन भएको। |
| | **ऊर्जा, जलस्रोत तथा सिँचाइ** | |
| ६६ | आर्थिक विकासको प्राथमिक क्षेत्रको रुपमा रहेको कृषि क्षेत्रको विकासका लागि खेतियोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुबिधा उपलबध गराई कृषि क्षेत्रको उत्पादकत्व बढाइनेछ। सञ्चालनमा रहेका सिँचाइ आयोजनाबाट नियमित सिँचाइ सुविधा उपलब्ध गराउन मर्मत सम्भार कार्यक्रममा आवश्यक रकम विनियोजन गरेको छु। साना, मझौला र ठुला सिँचाइ आयोजना पहिचान र कार्यान्वयनलाई निरन्तरता दिने। | बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध हुनेगरी जुम्ल्याह मुल लगायत सतह सिँचाइ तथा प्रविधिमा आधारित सिँचाइ आयोजना निर्माण भइरहेका छन्। निर्माण सम्पन्न सिँचाइ आयोजनाको दिगोपना तथा नियमित सञ्चालनको लागि १० वटै जिल्लाका कार्यालयबाट प्राथमिकताका साथ काम भइरहेको छ। |
| ६७ | खानेपानी, सिँचाइ, पर्यावरण र पर्यटनको एकीकृत विकासका लागि चौकुने गाँउपालिका जुम्ल्यामूल ताल बहुउदेश्यीय आयोजना सञ्चालन गर्ने। | जुम्ल्याह मुल ताल बहुउद्देश्यीय आयोजना वातावरणीय अध्ययन तथा ठेक्का व्यवस्थापनको सम्पूर्ण कार्य सम्पन्न भइ निर्माणको चरणमा प्रवेश गरेको छ। |
| ६८ | नदी माथिका गरा, बनाउँछौ हराभरा लाई कार्यरुप दिन कर्णाली, भेरी बेसीन शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा सिँचाइ सुविधा विस्तार गर्ने । प्रदेशको खाद्यान्न उत्पादनको प्रचुर सम्भावना रहेका क्षेत्रहरू शारदा करिडोर, भेरी करिडोर, हिमा करिडोर, तिला करिडोर, कर्णाली करिडोरलाई खाद्यान्न करिडोरको रुपमा विकास गर्न सङ्घीय सरकार तथा साझेदार संस्थासँग सहकार्य गर्ने। | नदि माथिका गरा बनाउँछौ हराभरा लाई सार्थक रुप दिन सिँचाइ तथा नयाँ प्रविधिमा आधारित लिफ्टिङ्ग प्रविधिबाट सिँचाइ सुविधा प्रदान गर्ने कार्य भइरहेको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६९ | कर्णाली जनता सिँचाइ कार्यक्रमलाई निरन्तरता दिने। | १० वटै जिल्लामा आयोजना सञ्चालन भइरहेका छन्। |
| ७० | जल उत्पन्न प्रकोप नियन्त्रण गरी जोखिमयुक्त बस्तीहरू संरक्षणका लागी कर्णाली प्रदेश जनता तटबन्धन कार्यक्रम सञ्चालन गर्ने। | सम्पुर्ण खेतियोग्य जमिनलाई संरक्षण गर्ने उद्देश्यका साथ जनता तटबन्ध लगायत नदि नियन्त्रण तथा पहिरो व्यवस्थापनको कार्य भइरहेको छ। |
| ७२ | सङ्घीय सरकारबाट प्रदेशभित्र सञ्चालन हुने ठूला किसिमका जलविद्युत् आयोजना (नलगाड, जगदुल्ला, ताक्सुगाड, माथिलो कर्णाली लगायत) निर्माण तथा सञ्चालनका लागि लगानीकर्ताको पहिचान गरी उक्त आयोजना यथाशीघ्र कार्यान्वयनका लागि सङ्घ सरकारसँग विशेष पहल गरिनेछ। साथै सरकारी लगानीबाट सञ्चालन भएका जलविद्युत् आयोजनामा प्रदेश सरकारबाट पनि शेयर लगानी गरिनेछ। | सङ्घीय सरकारबाट प्रदेश भित्र सञ्चालन हुने ठुला जलविद्युत् आयोजना निर्माण तथा सञ्चालनका लागी आवश्यक समन्वय भइरहेको छ। |
| ७३ | नेपाल सरकारसँगको सहकार्यमा जनताको जलविद्युत् आयोजना अन्तर्गत जगदुल्ला जलविद्युत् आयोजनामा प्रदेश सरकारको तर्फबाट थप शेयर लगानी गर्ने व्यवस्था मिलाएको छ। स्यार्पु पावर कम्पनीमा शेयर लगानीका लागि पहल गर्ने। | जगदुल्ला जलविद्युत् आयोजना स्यार्पु पावर कम्पनी लगायतमा शेयर लगानीका लागि आवश्यक समन्वयको काम भइरहेको छ। |
| ७४ | राष्ट्रिय विद्युत् प्रसारण सञ्जाल नपुगेका प्रदेशका दुर्गम तथा भौगोलिक रुपमा विकट स्थानमा सङ्घीय सरकार र स्थानीय तहको सहकार्यमा लघु जलविद्युत्, सौर्यऊर्जा, वायोग्याँस र वायुऊर्जा लगायतका वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा मर्मत सम्भार कार्यलाई प्रोत्साहन गरिनेछ। ग्रामीण विद्युतीकरण कार्यक्रम र कर्णाली उज्यालो कार्यक्रम लगायत विद्युत् संरचना निर्माण गर्ने। | ग्रामीण विद्युतीकरण कार्यक्रम रणनीति उज्यालो कार्यक्रमबाट ग्रामीण विद्युतीकरण भइरहेको तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन तथा स्थानीय तह सङ्घीय सरकार समेतको सहकार्यमा समग्र ऊर्जा विकास विस्तार तथा व्यवस्थापनको कार्य भइरहेको छ। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ७५ | कर्णाली प्रदेशभित्र टेलिफोन सेवा प्रदायकले स्थापना गरेका टेलिफोन टावर सम्म नियमित विद्युत् सेवा विस्तारका लागि आवश्यक व्यवस्था मिलाइने छ। साथै टेलिफोन सेवा विस्तारका क्रममा वन क्षेत्रसँग सम्बन्धीत काम सोहि क्षेत्रको वन कार्यालयबाटै सम्बोधन हुने कार्यको लागि आवश्यक समन्वय गर्ने। | विद्युत् प्राधिकरणसँगको नियमित समन्वयमा आवश्यक कार्य भइरहेको छ। |

## ८. आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

१. मन्त्रालय अन्तर्गत १० वटा कार्यालयबाट भए गरेका कामकारबाहीको सम्बन्धमा कार्यालय प्रमुखको भौतिक उपस्थितिमा अर्ध वार्षिक प्रगति समीक्षा सम्पन्न गरी सो समीक्षामा जिल्ला कार्यालयबाट प्राप्त समस्याहरूको समाधान गरिएको।

२. जिल्ला कार्यालयबाट भए गरेका कामकारबाहीको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गरी राय सुझाव प्रदान गरिएको।

३. खानेपानी ऐन तर्जुमाको लागि आवश्यक छलफल गरी ड्राफ्ट तयार भइ सम्पूर्ण सरोकारवालाको राय सुझावसमेत लिने उद्देश्यले कार्याशाला गोष्ठी सञ्चालन गरिएको।

४. कर्णाली प्रदेश स्थित ७९ वटै पालिकाबाट प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने आयोजनाको आयोजना बैंक बनाउने प्रयोजनार्थ आयोजना माग गरिएको।

५. मन्त्रालय मातहतका कार्यालयबाट पेस हुन आए बमोजिम बहुवर्षीय ठेक्का सहमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने गरिएको।

६. अन्य मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग नियमित सम्पर्कमा रही आवश्यक समन्वय गर्ने गरिएको।

७. १० वटै जिल्ला कार्यालयको प्रगति विवरण मासिक रुपमा अद्यावधिक गरी आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम भइरहेको।

८. विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्यको लागि नियमित बैठक गरी Cluster member हरूलाई उच्च सतर्कतामा (High-alert) रहन निर्देशन दिईएको। जाजरकोट र रुकुम-पश्चिममा जिल्लास्तर बैठक बसी भूकम्प प्रभावित क्षेत्रमा पानीको गुणस्तर परीक्षण तथा सुधारका लागि क्रियाशील रहेको।

९. जाजरकोट भूकम्प प्रभावित क्षेत्रका आयोजनाका लगभग २५० जना मर्मत सम्भार कार्यकर्ता तथा समितिका पदाधिकारीहरूलाई मर्मत सम्भार तालिम दिईएकोमा सो क्षेत्रका योजनाबाट MASS CHLORINATION गरी पानी वितरण भइरहेको।

१०. खानेपानी सरसफाइ तथा स्वच्छता विधेयक मस्यौदा छलफलका लागि स्थानीय जनप्रतिनिधिहरू सहित करिब ६० जना वास सरोकारवालाको उपस्थितिमा एक दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको।
११. जिल्लागत कार्यालयबाट प्राप्त माग अनुसार सङ्घीय सरकारसँग बजेट माग सम्बन्धी विवरण सङ्कलन गरी लेखी पठाउनुका साथै आवश्यक समन्वय गरिएको।
१२. दोस्रो चौमासिक प्रगति समीक्षा गरी जिल्ला स्थित कार्यालयबाट प्राप्त समस्याहरूको समाधान गर्नका आयोजना कार्यान्वयन प्रभावकारिता अभिवृद्धिको लागि निर्देशन गरिएको।
१३. रुकुम पश्चिम र जाजरकोट जिल्लामा ३ वटा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा पूर्ण सरसफाइ तालिम सञ्चालन गरिएको।
१४. जाजरकोट जिल्लाका भुकम्प प्रभावित क्षेत्रमा खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको निरन्तर सहयोग तथा सहजीकरण गरिएको।

## ९. आर्थिक वर्ष २०७९/०८० को विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८ | मन्त्रालय तथा मातहत कार्यालयको | ४०४७८७३ | ३३९६६८९ | ८३.९१ |
| **जम्मा** | | **४०४७८७३** | **३३९६६८९** | **८३.९१** |

***स्रोतः*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आर्थिक वर्ष २०८०/०८१ को विनियोजित बजेट र चैत्र मसान्तसम्मको खर्चको प्रगति अवस्थाः

*(रू. हजारमा)*

| क्र.सं. | ब.उ.शि.नं. | बजेट उपशिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३०८००९०१३ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ६१५९३ | १९१५४ | **३१.१** |
| २ | ३०८००९०१४ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ६३००० | १३४० | २.१३ |
| ३ | ३०८०१९०१३ | खानेपानी, सिचाई तथा ऊर्जा विकास निर्देशनालय | ३७३५४ | १८४५३ | ४९.४० |
| ४ | ३०८०१९०१४ | खानेपानी, सिचाई तथा ऊर्जा विकास निर्देशनालय | ११३५०० | १८९५ | १.६७ |

| क्र.सं. | ब.उ.शि.नं. | बजेट उपशिर्षक | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ५ | ३०८०१९०२३ | खानेपानी, सिचाई तथा ऊर्जा विकास कार्यालय | १७३६४१ | ८५०४० | ४८.९७ |
| ६ | ३०८०१९०२४ | खानेपानी, सिँचाई तथा ऊर्जा विकास कार्यालय | २२६३५० | ३२३७९ | १४.३० |
| ७ | ३०८०१९०३४ | सिँचाई आयोजना | ८८२४०० | २०७०१५ | २३.४६ |
| ८ | ३०८०१९०४४ | नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन आयोजना | २९७५०० | ७१०१३ | २३.८७ |
| ९ | ३०८०१९०५४ | खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम | ७८५९०० | १२८६४८ | १६.३७ |
| १० | ३०८९११२०४ | एकीकृत ऊर्जा तथा सिँचाई विशेष कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ७८००० | १३०६९ | १६.७६ |
| ११ | ३०८९११२१४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १७६०० | २८३६ | १६.११ |
| १२ | ३०८९११२२४ | भुमिगत स्याँलो तथा डिप टयुवेल सिँचाई आयोजना (सङ्घ ससर्त अनुदान) | ३००० | ० | ० |
| १३ | ३०८९११२४४ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना (सङ्घ ससर्त अनुदान) | १८१००० | ४८७३५ | २६.९३ |
| १४ | ३०८९११२५४ | खानेपानी सेवा विस्तार तथा पुनः स्थापना कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १४३९०० | ९०३७ | ६.२८ |
| १५ | ३०८९११२६४ | मझौला सिँचाइ आयोजना (सङ्घ ससर्त अनुदान) | १४७५०० | ४६११६ | ३१.२७ |
| १६ | ३०८९११२७४ | नदी नियन्त्रण (सङ्घ ससर्त अनुदान) | १६९००० | ६७३७६ | ३९.८७ |
| १७ | ३०८९११२८४ | मर्मत संभार आयोजना (सङ्घ ससर्त अनुदान) | १४८५०० | २५८१४ | १७.३८ |
| १८ | ३०८९११३०४ | राष्ट्रिय ग्रामीण तथा नविकरणीय ऊर्जा कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १०००० | ० | ० |
| | | **जम्मा** | **३५३९७३८** | **७७७९२०** | **२१.९८** |

## ११. कार्यसम्पादनमा देखिएका समस्या तथा कारणः

- हालसम्म पनि ६० प्रतिशत उच्च तहको प्राविधिक जनशक्तिको पद रिक्त अवस्थामा हुनु र कार्यालयको विद्यमान जनशक्ति एवम् उपलब्ध साधनहरूको तुलनामा अत्याधिक धेरै मात्रामा आयोजनाहरू कार्यान्वयन गर्नुपर्दा आयोजनाको गुणस्तर कायम गर्नका साथै अनुगमन र मूल्याङ्कनमा अपेक्षित प्रतिफल हासिल गर्न चुनौती भएको।
- भुगोल सुहाउँदो तथा कार्यक्रम र कार्यबोझको आधारमा कार्यालयको सांगठनिक संरचना बन्न नसक्नु।
- ऊर्जा क्षेत्रको विकासको लागि आवश्यक कार्यालयको स्थापना र विषयविज्ञ जनशक्ति नहुँदा ऊर्जा क्षेत्रको विकास प्रभावित भएको।
- बजेट तर्जुमाको स्पष्ट मापदण्ड नबन्दा र तिनै तहका सरकारको अधिकार क्षेत्र निश्चित नहुँदा योजना तर्जुमामा द्विविधा उत्पन्न भएको र प्रदेश सरकारको आवधिक योजना अनुसार बजेट कार्यक्रम तर्जुमा नहुने गरेको।
- सडक निर्माण गर्दा अधिकांश खानेपानी एवम् सिँचाइ संरचनाहरूमा क्षति पुगेको।
- Construction Material Testing Lab को स्थापना र प्राविधिक जनशक्तिको अभावमा निर्माण कार्यको गुणस्तर जाँच गर्न नसकिएको।
- मन्त्रालयमा जनशक्ति अभाव हुँदा जिल्ला कार्यालयबाट कार्यान्वयन भएका योजनाहरूको अनुगमन मुल्याङ्कन प्रभावकारी हुन नसकेको।

## १२. मन्त्रालयबाट तर्जुमा भई स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | "विद्युत् विकास विधेयक, २०७९" तयार गरी प्रदेश सभामा पेस गरिएको। |
| २ | "कर्णाली उज्यालो कार्यान्वयन कार्यविधी, २०७९" निर्माण गरी कार्यान्वयनमा रहेको। |
| ३ | "कर्णाली प्रदेश खानेपानी तथा सरसफाई विधेयक, २०८०" निर्माणको लागि कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त गरी विधेयकको मस्यौदा तर्जुमा कार्य अगाडि बढाइएको। |
| ४ | "कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी दिग्दर्शन, २०७९" तर्जुमा गरी कार्यान्वयनमा रहेको। |
| ५ | मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको। |

## १३. विद्यमान जनशक्तिको अवस्था :

(क) स्वीकृत दरवन्दीः ३०

(ख) पदपुर्ति दरवन्दीः २३

(ग) रिक्त दरबन्दीः ७

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## १. पृष्ठभूमि

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४ माघ १० गतेको निर्णयानुसार प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरीबी निवारण, सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको हो।

## २. दीर्घकालीन सोचः

अर्गानिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ्य पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन वृद्धि गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **"सम्वृद्ध कर्णाली, सुखारी कर्णाली वासी"**को प्रत्याभुति दिने।

## ३. ध्येयः

अर्गानिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायीक, मर्यादित , वातावरण मैत्री र प्रतिस्पर्धी बनाई कृषकहरूको आय आर्जनमा वृद्धि गर्ने।

## ४. रणनीतिक उद्देश्यहरू:

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा योगदान र टेवा पुऱ्याउने,
- तुलनात्मक लाभका कृषि उपज प्रवर्द्धन गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउने,
- स्थानीय रैथाने बाली र जैविक विविधताको संरक्षण र सम्वर्द्धन गरी वातावरणमैत्री कृषिको प्रवर्द्धन गर्ने।

## ५. कार्य क्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १ | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| २ | कृषि तथा पशुपन्छीजन्य रोग, किरा एवम् महामारी नियन्त्रण, |
| ३ | कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन, |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार, |
| ५ | कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन, |
| ६ | कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन, |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार खाद्य सम्प्रभुता र खाद्य गुणस्तर, |
| ८ | कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण, |
| ९ | कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन, |
| १० | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण, |
| ११ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, |
| १२ | कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन, |
| १३ | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन, |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, |
| १५ | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन, |
| १६ | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, |
| १७ | कृषिजन्य र पशुपन्छीजन्य औषधि, विषादी र सूक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन, |
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन, |
| १९ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन, |
| २० | जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, |
| २१ | सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन, |
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना, |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| २३ | क्रमवद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन, |
| २४ | भूमिहीन सुकुम्बासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन, |
| २५ | सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २६ | सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन, |
| २७ | गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय, |
| २८ | गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरीब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण, |
| २९ | सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, |
| ३० | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन, |
| ३१ | सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य, |
| ३२ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन, |
| ३३ | जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सो बाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड योजना तर्जुमा र नियमन। |

## ६. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्त सम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२१ | समग्र कृषि क्षेत्रलाई नवप्रवर्तनात्मक व्यावसायिक तथा प्रतिस्पर्धात्मक मूल्यवान कृषि उपज उत्पादन प्रणालीमा रूपान्तरण गर्न तुलनात्मक लाभका बाली वस्तुहरू, | फलफूल खेतीको क्षेत्र बिस्तारको लागि लागि जम्मा ८५ हजार ७ सय ३६ बिरुवा वितरण गरी करिब २१५ हेक्टर क्षेत्र बिस्तार गरिएको, जसबाट ३५० घरधुरी प्रत्यक्ष लाभान्वित भएको, उच्च मुल्य र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | फलफुल, तरकारी, मसला खेती र पशुपालन तथा मत्स्य प्रवर्द्धन गर्ने। | गुणस्तरका लागि मूल्यवान लोगो लगाउने कार्य भइरहेको। |
| १२२ | सडक सञ्जालसँग जोडिएका गाम्रीण क्षेत्रमा छरिएर रहेका कृषि उत्पादनका स्रोत साधनहरूलाई उपयोग गर्न तरकारी, फलफूल, दुग्ध, माछा, मासु, पुष्पखेती लगायतका उद्योग स्थापना गरी रोजगारी सिर्जना हुने विभिन्न किसिमका कार्यक्रमहरू सञ्चालन गर्ने। | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र मत्रालयबिच सम्झौता सम्पन्न भएको, जसमा कर्णालीमा उत्पादित प्राङ्गारिक तथा रैथाने बालीहरुको सङ्कलन, प्रशोधन, ब्रान्डिङ र बजारीकरणबाट मूल्य अभिवृद्धि गर्न सुर्खेतमा रैथाने बाली प्रशोधन केन्द्र (मिल) स्थापना गरि कम्पनी मार्फत रैथाने बालीको बजार सुनिश्चितता गरिएको छ। |
| १२३ | सडक सञ्जाल, कृषि तथा पशुपन्छीजन्य उपज र बजारीकरणको बिचमा तालमेल मिलाउने गरी रोडकरिडोर केन्द्रित व्यावसायिक कृषि तथा पशुपन्छीजन्य उत्पादन कार्यक्रम सञ्चालन गर्ने। | प्रदेशका विभिन्न जिल्लाहरुवाट तरकारी, किवी, अदुवा, दुध (२८ करोड), र खसी बोकाहरु प्रमुख सहरहरु नेपालगञ्ज, बुटवल, दाङ, पोखरा, काठमाडौं र धनगढीमा निर्यात भइ करिव ३ अर्ब २३ करोड बरावरको पुँजी भित्रिएको छ। |
| १२४ | कृषिको अनुदान कृषकको खातामा भन्ने नारालाई आत्मसात गर्दै उत्पादन र बजारीकरण परिणामका आधारमा फलफुलका विरुवा, उत्पादित दुध र तरकारीमा अनुदानको लागि आवश्यक रकम विनियोजन गरिने छ। यस कार्यक्रम अन्तर्गत उन्नत जातका फलफूलका विरुवाको सन्दर्भ मूल्यमा ७५ प्रतिशत अनुदानको व्यवस्था गर्ने। | फलफूल खेतीको क्षेत्र बिस्तारको लागि लागि ८५ हजार ७ सय ३६ बिरुवा वितरण गरिएको, |
| १२५ | विभिन्न क्षेत्रमा उपलब्ध गराएको अनुदान नीतिलाई परिमार्जन गरी कृषि व्यवसाय प्रवर्द्धन, विस्तार तथ व्यावसायीकरणको लागि वित्तिय क्षेत्रमा लगानी गरेको | व्याज अनुदान कार्यक्रम मार्फत वार्षिक ४ करोड ७१ लाख लगानीमा (चालु आ.व.मा १ करोड २ लाख खर्च भएको) ८७ करोड ८३ लाख पूँजी कृषि क्षेत्रमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | ऋणको व्याजदरमा अनुदान दिई सहुलियत ब्याजदरमा पूँजी उपलब्ध गराउने व्यवस्था गरिने छ। व्याज अनुदान कार्यक्रमलाई थप प्रभावकारी बनाउने। | परिचालन भएको, जसबाट १३५७ जना कृषक प्रत्येक्ष सहभागी भएका छन्, जसबाट ८५० जना पूर्ण स्वरोजगार भएका छन् भने ३५७० जनालाई ३ महिना बराबरको आंशिक रोजगारी सृजना भएको छ। |
| १२६ | सिँचाइ सुविधा नपुगेका, सुख्खा तथा खेतीयोग्य बाँझो जमिनमा सिँचाइ सुविधा विस्तार गर्न साना सिँचाइ कार्यक्रम अन्तर्गत सिँचाइ कुलो, पोखरी सिँचाइ, पानी तथा हिउँ सङ्कलनका लागि पोखरी निर्माण गर्ने। | साना सिँचाई तथा मर्मत सम्भार तर्फ ६२८ वटा सिँचाई योजना मध्ये ३०८ योजनाहरुको निर्माण सम्पन्न भइ २२ करोड बराबरको रकम भुक्तानी भएको: जसमा करिब ६०१६ जनालाई २ महिना बराबरको प्रत्येक्ष रोगजारी प्राप्त भएको। |
| १२७ | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषकहरूको उन्नत बिउबीजन, भूरा, नश्ल तथा गुणस्तरीय बेर्नाहरूको सहज आपूर्तिको लागि कृषि तथा पशुपन्छीजन्य स्रोतकेन्द्रहरूको सुदृढिकरण कार्यक्रमलाई निरन्तरता, | स्रोत केन्द्रहरूको सुदृढीकरण तथा सञ्चालनको लागि यस आवमा चौरी विकास स्रोत केन्द्र डोल्पा र हुम्लालाई सुदृढीकरण गरिएको छ। यस अवधिमा ३२२२ गाई, भैंसीमा कृत्रिम गर्भाधान गरी नश्ल सुधार भएको छ। |
| १२८ | "कृषि उत्पादन वृद्धिका लागि गुणस्तरीय बिउ" भन्ने नाराका साथ कर्णाली प्रदेश बिउ उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ। | बिउ व्यवसायीहरूको नेपाल सरकारले सञ्चालनमा ल्याएको डेसिस सफ्टवेयरमा पहुँच वृद्धि गरी गुणस्तरीय बिउको आपूर्तिलाई सुनिश्चत गर्न पहल गरिएको छ। |
| १३० | कृषि आधुनिकीकरणमार्फत लागत न्यूनीकरण उत्पादनमा वृद्धि, व्यवसायीकरण र बजारीकरण गर्नका लागि कृषि यान्त्रिकीकरण कार्यक्रम मार्फत कृषि यन्त्र तथा उपकरणहरूमा ५०% अनुदानको व्यवस्था गर्ने। | मातहतका कार्यालयहरूबाट मिनीटिलर, पावरटिलर, सिकेचर, भेडाको उन काट्ने कैंची र च्यापकटर जस्ता मेशिनरी औजारहरू वितरण गरी उत्पादन लागत न्यूनीकरण गरिएको छ। |
| १३२ | गाई भैंसीपालन गर्ने किसानलाई प्रोत्साहन गर्नका लागि दुध उत्पादन र बिक्री | दुग्ध प्रवर्द्धन कार्यक्रममार्फत दुध उत्पादन गर्ने कृषकलाई पहाडी जिल्लामा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | वितरणका आधारमा डोल्पा, मुगु, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका कृषकहरूलाई प्रति लिटर रू १० अनुदानको व्यवस्था मिलाएको छु। साथै रूकुम पश्चिम, सल्यान, जाजरकोट, दैलेख र सुर्खेत जिल्लाका कृषकहरूलाइ प्रति लिटर रू ५ अनुदान दिने। | प्रतिलिटर ५ रुपैयाँ र हिमाली जिल्लामा प्रतिलिटर १० रुपैयाँको दरले करोड १५ लाख रुपैयाँ बराबरको प्रोत्साहन बाट ३ लाख २ हजार लिटर दुध संगठित बजारमा पुगी २३१५ जनालाई ५ महिना र २७८ जनालाई पूर्ण रोजगारी सृजना भएको छ। |
| १३८ | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रमलाई निरन्तरता दिने। | ३३ वटा गरिवी निवारण कार्यक्रममा २१ वटा सम्झौता भइ कार्य भइरहेको। |
| १३९ | कर्णाली प्रदेशको पहिचान एवम् निर्यातयोग्य बालीहरू जस्तै स्याउ तथा ओखरको प्रवर्धन र विकासको लागि स्याउ तथा ओखर विकास कार्यक्रम सञ्चालन गर्ने। | ५१ हजार विभिन्न जातका स्याउ ओखरका विरुवा वितरण गरिएको। |
| १४० | प्रदेशको प्रमुख बाली स्याउ, ओखर, सुन्तला लगायतका फलफूलहरूको उत्पादन, उत्पादकत्व वृद्धि तथा बजारीकरणको लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना प्रदेशको ९ वटा जिल्लाका २० वटा स्थानीयतहमा सञ्चालन गर्ने व्यवस्था मिलाउने। | ६ वटा पालिकामा अभिमुखिकरण गोष्ठी सम्पन्न गरिएको, नारायण नगरपालिकामा अनुदान सम्बन्धी सूचना प्रकाशन भई कार्यक्रम सञ्चालन प्रक्रियामा रहेको। |
| १४१ | प्रदेशको कृषि क्षेत्र विकासको लागि सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरू लाई दिगो एवम् जलवायु मैत्री बनाउन प्राङ्गारिक कृषि तथा जलवायु अनुकुलन प्रविधिको अनुसन्धान, संरक्षण, प्रवर्द्धन तथा विकास गरिने छ। | प्राङ्गारिक अदुवा उत्पादनमा प्रति किलो रु. १० अनुदान कार्यक्रम सञ्चालन भएको, प्राङ्गारिक प्रमाणीकरणमा ५० प्रतिशत अनुदान, मूल्यवान लोगोको प्रयोग जस्ता कार्यक्रमहरू सञ्चालन भइ प्रदेशमा उत्पादित बाली तथा वस्तुहरू ब्राण्डिङ्ग सहित प्रदेश बाहिर तथा अन्तर्राष्ट्रिय स्तरमा निर्यात गरिएको। |
| १४२ | उत्पादन मार्फत जनताको आय तथा रोजगारी वृद्धिका लागि सहकारी क्षेत्रको संरचनागत सुधार गर्न सहकारी संस्थाको | सहकारी नियमावली स्वीकृत भइ नियमन तथा क्षमता विकासका कार्यरमहरू कार्यान्वयनमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | दर्ता, नियमन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ। | |
| १४३ | पशुवस्तुहरूमा महामारीको रुपमा देखिने लम्फिस्किन, खोरेत जस्ता रोग नियन्त्रण गर्नका लागि सबै जिल्लाहरूमा प्रदेश स्तरीय खोप अभियानका कार्यक्रम सञ्चालन गर्ने। | पशुपन्छी खोपलाई अभियानको रुपमा सञ्चालन गर्न २०८० माघ ९ गते देखि सुर्खेतबाट सुरुवात गरिएको पशु खोप कार्यक्रमबाट हालसम्म जम्मा ८ लाख ७१ हजार ८ सय ७५ पशुपन्छीलाई प्रमुख संक्रामक रोग विरुद्धको खोप लगाईएको छ। |
| १४४ | कर्णाली प्रदेशका हुम्ला र जाजरकोट जिल्लालाई मह उत्पादनको हवको रुपमा विकास गरिने छ। उक्त उत्पादनलाई प्रशोधन र ब्राण्डिङ्ग गरी बजारीकरणको व्यवस्था गर्ने। | स्थानीय स्तरमा उत्पादित महलाई प्रशोधन, प्याकेजिङ्ग तथा ब्राण्डिङ्ग मार्फत बजार प्रवर्द्धन गरिएको, प्रदेशको प्राङ्गारिक कृषिलाई अगाडी बढाउन र मौरी पालनको प्रचुर सम्भावना अनुसार सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा अन्य सरोकारवाला निकायको सहकार्यमा मौरी विकास कार्यालय स्थापनाको लगि सम्झौता गरिएको छ। |
| १४५ | जिल्लाको सम्भाव्यताका आधारमा कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन विशेष क्षेत्र निर्धारण गरी बालीवस्तुको उत्पादन, उत्पादकत्वमा वृद्धि गर्नका लागि आवश्यक सहुलियतका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। | उत्पादन विशेष क्षेत्रमा अनुदानका कार्यक्रमहरूलाई केन्द्रीकृत गरी उत्पादन र उत्पादकत्व वृद्धि गरेको। |
| १४७ | हिमाली जिल्लाहरूका भेडापालक कृषकहरूलाई उपचार खर्च वापतको प्रोत्साहन रकम चौरीपालक कृषकहरूलाई समेत प्रदान गरिने व्यवस्था मिलाउने। | भेडा पालक कृषकहरु (५० भन्दा बढी भेडापालन गर्ने) लाई औषधि उपचार वापत प्रोत्साहन अनुदान कार्यक्रमबाट १४५ जना कृषकलाई २६ लाख १० हजार प्रोत्साहन रकम वितरण भएको छ भने थप करिब ४१५ समेटिने अनुमान गरिएको छ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १४८ | खाद्य सुरक्षा तथा पोषणमा सुधार कार्यक्रम सञ्चालनका लागि स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराउने। | मिनिकिट लगायत बिउबिजन तथा पशुपन्छीमा औषधी वितरणका कार्यक्रम सञ्चालन भएको। |
| १४९ | कर्णाली प्रदेशका निर्यात योग्य रैथाने तथा प्राङ्गारिक जस्तै:मार्सी चामल, चिनो, फापर, कोदो, कागुनो, जुनेलो, लट्टे सिमी लगायतका कृषि उपजहरूको व्राङ्गडिङ गरी बजारीकरणको ब्यवस्था मिलाउने। | मूल्यवान लोगोलाई पहुँच वृद्धि गरी कोशेली घरहरूमार्फत बजारी प्रवर्धन गरिएको। |
| १५० | कर्णाली प्रदेशमा माछाको आयात प्रतिस्थापन गर्नका लागि रोड करिडोर मत्स्य पोखरी स्थापना गरी माछाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न मत्स्य विकास कार्यक्रम सञ्चालन गर्ने, | सुर्खेत जिल्लामा मत्स्य पोखरीको क्षेत्र विस्तार तथा माछाको भुरा वितरण कार्यक्रम सञ्चालन भएको। |
| १५१ | मासु र दुधको उत्पादन वृद्धि तथा पशु नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यका लागि आवश्यक पर्ने तरल नाइट्रोजन उत्पादन प्लान्ट स्थापना गर्ने। | तरल नाइट्रोजन उत्पादन कारखाना स्थापनाको लागि डि.पी.आर. तयारी गरि खरिद प्रक्रिया सुरु गरिएको छ। |

## ७. आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- ✓ सहकारी नियमावली, २०८० मन्त्रिपरिषद्बाट स्वीकृत भइ सहकारी क्षेत्र नियमन तथा प्रवर्द्धनको कार्य सुरु भएको छ।
- ✓ कृषि व्यावसायीकरणमा पुँजी परिचालन तथा सहजीकरणमा चालु आ.व. २०८०।०८१ को चैत्रसम्ममा १२५५ जना कृषि व्यवसायीहरूले बैंक तथा सहकारी संस्थाहरूबाट ७५ करोड ७६ लाख बराबर पुँजी (ऋण) प्राप्त गरी रु ७ करोड ८४ लाख बराबर मन्त्रालयबाट ७ प्रतिशत ब्याज अनुदान सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गरेका छन्।
- ✓ सहकारी व्यवस्थापन तालिम मार्फत १५७ जना सहकारीका पदाधिकारीले सहकारी सञ्चालन व्यवस्थापन तथा अनुगमन सम्बन्धी ज्ञान तथा सिप प्राप्त क्षमता अभिवृद्धिमा टेवा पुगेको छ।

- ✓ चालु आ. व. मा साना तथा मझौला सिँचाइ योजनाहरू समुदायमा सम्झौता भइ निर्माण तथा मर्मत प्रक्रियामा रहेका छन्। यसबाट करिब १२६ हे. नयाँ जग्गामा सिँचाइ पुग्नेछ भने करिब १२३५ हे. जग्गामा सिँचाइ सेवाको मर्मत कार्य हुनेछ।
- ✓ साना साना कृषकहरूको कृषि उपजलाई विक्रीयोग्य परिमाणमा जम्मा गरी बजारमा ल्याउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट हालसम्म ७२ वटा तरकारी फलफुल तथा खाद्यान्न बालीका ब्लक उत्पादन सञ्चालन छन् भने यसवाट ३२१० कृषकहरू प्रत्यक्ष लाभान्वित भएका छन्।
- ✓ चालु आ. व. को नौ महिनासम्म प्रदेशभरी कृषि तर्फ तरकारी, फलफूल (किवी, सुन्तला/स्याउ), सिमी मसलाबाली (बेसार/अदुवा) मह र च्याउको बिक्रीबाट करिब ८२ करोड २७ लाख १२ हजार र पशुपन्छीतर्फ दुध मासु (बंगुर/राँगा/कुखुरा/खसी), घ्यू, राडीपाखी, खरायोको उनको टोपी, माछा र कुखुरा चल्लाको बिक्रीबाट रु. १ अर्ब ३८ करोड बराबरको रकम आम्दानी भइ कृषकको आय आर्जनमा टेवा पुगेको छ।
- ✓ चालु आ.व.को हाल सम्म १९२१२३ पशुपन्छीहरूलाई रोग किरा निदान, मेडिकल उपचार, माइनर सर्जिकल एवम् खोप र उपचार सेवा पुगेको छ।
- ✓ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा प्रशिक्षण केन्द्रबाट हालसम्म ५२३ जना कृषक प्रदेश तथा स्थानीय तहका कर्मचारी एवम् कृषि र पशुविज्ञान विषय अध्ययन गरेका प्राविधिकहरूलाई कृषि व्यवसायका विभिन्न विषयमा तालिम प्रदान गरी क्षमता अभिवृद्धिमा सहयोग पुगेको छ।
- ✓ तरल नाइट्रोजन कारखाना स्थापनाको लागि डिपिआर तयार भएको छ।
- ✓ कर्णाली प्रदेशका व्यावसायिक फर्महरूले अवलम्बन गर्नुपर्ने गाईभैंसी कल्याण सम्बन्धी मापदण्ड, २०८० जारी गरी गाईभैंसी संरक्षण र स्वस्थ उत्पादनका कार्यलाई नियमन तथा प्रवर्द्धन गर्न सुरु गरिएको छ।
- ✓ केही जिल्लाहरूमा जंगली जनावर, हावा, हुरी तथा बाढीले क्षति भएको बालीको क्षतिपूर्तिको लागि कृषकहरूलाई राहत व्यवस्थापन गरिएको छ।
- ✓ २०८० कार्तिक १७ गते राति गएको भूकम्पले कृषकहरूको पशुपन्छी तथा मौरीघारमा भएको क्षतिको राहतको लागि बजेट व्यवस्थापन गरिएको छ।

## ८. समस्याहरू र चुनौतीहरू:

- ✓ उच्च तहका कर्मचारी अभाव,
- ✓ न्यून कृषि उत्पादकत्व, बाली भित्र्याउनु पूर्व र भित्र्याएपछी बालीको उच्च क्षति,

- ✓ जमिनको खण्डीकरणका साथै कृषियोग्य भूमि घरघडेरीमा परिणत हुनु,
- ✓ रैथाने बालीहरूमा पाईने पौष्टिकताको बारेमा न्यून ज्ञान हुनु,
- ✓ प्रशोधित खाद्य पदार्थमा आकर्षण बढनु,
- ✓ थ्री फेज विद्युतको समस्या हुँदा कोल्ड स्टोर तथा अन्य कृषि उद्योग सञ्चालनमा कठिनाइ।

## ९. आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २,४१४०९२ | १६९६९७५.९७ | ७०.२९ |
| **जम्मा** | | **२,४१४०९२** | **१६९६९७५.९७** | **७०.२९** |

***स्रोतः*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्मको खर्चको प्रगति अवस्थाः

*(रू. हजारमा)*

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३१२०००११३ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६५३१२ | २८२१७ | ४३.२ |
| २ | ३१२०००११४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ४५०० | १२९१ | २८.६९ |
| ३ | ३१२०००१२३ | एकीकृत कृषि प्रयोगशाला | २२१०४ | १३०९४ | ५९.२४ |
| ४ | ३१२०००१२४ | एकीकृत कृषि प्रयोगशाला | ४००० | १३९५ | ३४.८८ |
| ५ | ३१२०००१३३ | भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ११५२७ | ६९३९ | ६०.२ |
| ६ | ३१२०००१३४ | भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय | ६०० | ५६२ | ९३.६७ |
| ७ | ३१२००९०२३ | कृषि यान्त्रिकीकरण कार्यक्रम | ५५५० | १३३१ | २३.९८ |
| ८ | ३१२००९०२४ | कृषि यान्त्रिकीकरण कार्यक्रम | ७६१० | २५ | ०.३७ |
| ९ | ३१२००९०३३ | व्याज अनुदान कार्यक्रम | ११९७२० | १०२२८ | ८.५४ |

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १० | ३१२००९०४३ | गरीब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम | ९०५० | ६४६७ | १०.९५ |
| ११ | ३१२००९०८३ | सहकारी विकास कार्यक्रम | ११४८० | ५१९५ | ४५.२५ |
| १२ | ३१२००९०९३ | प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम | ५२८६६ | ७६६४ | १४.४९ |
| १३ | ३१२००९१०३ | कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम | २०४८९० | ८०८६९ | ३९.४६ |
| १४ | ३१२००९११३ | भूमि व्यवस्थापन तथा भू-उपयोग कार्यक्रम | ५२०० | ० | ० |
| १५ | ३१२०१०११३ | कृषि विकास निर्देशनालय | ३१४१४ | ३१८८९ | ४४.२१ |
| १६ | ३१२०१०१४ | कृषि विकास निर्देशनालय | १२५० | ३३१ | २६.४८ |
| १७ | ३१२०१०१६३ | कृषि विकास कार्यालय | १६५१०२ | ८६३१३ | ५२.२७ |
| १८ | ३१२०१०१६४ | कृषि विकास कार्यालय | ३६१४० | २३६६६ | ६५.४८ |
| १९ | ३१२०१०१७३ | बागवानी विकास केन्द्रहरू | १६४०३ | ८८४६ | ५३.९३ |
| २० | ३१२०१०१७४ | बागवानी विकास केन्द्रहरू | १६५० | १२६१ | ७६.४२ |
| २१ | ३१२०१०१८३ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १४१४७ | ८२३८ | ५८.२३ |
| २२ | ३१२०१०१८४ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | ३४१५ | ८९६ | २६.२४ |
| २३ | ३१२०१९०१३ | कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम | १९३२६० | २३३१९ | १२.०६ |
| २४ | ३१२०१९०२४ | साना सिंचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम | ४८४५०० | १९१९९६ | ३९.६२ |
| २५ | ३१२०१९०३३ | स्याउ तथा ओखर विकास कार्यक्रम | ३१३५८ | १२५५० | ४०.०२ |
| २६ | ३१२०१९०४३ | कृषि पूर्वाधार विकास कार्यक्रम | ६८५० | ६७७ | ९.८९ |
| २७ | ३१२०१९०४४ | कृषि पूर्वाधार विकास कार्यक्रम | २३९०० | १८५३ | ७.७५ |
| २८ | ३१२०२०११३ | पशुपन्छी विकास निर्देशनालय | १६५९८ | ९३४३ | ५६.२९ |
| २९ | ३१२०२०११४ | पशुपन्छी विकास निर्देशनालय | १३०० | २८८ | २२.१५ |

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३० | ३१२०२०१३३ | पशु अस्पताल तथा पशु सेवा कार्यालय | ११४६२१ | ५६५२२ | ४९.३१ |
| ३१ | ३१२०२०१३४ | पशु अस्पताल तथा पशु सेवा कार्यालय | १२६५० | ३५४४ | २८.०२ |
| ३२ | ३१२०२९०१३ | पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम | १८४७७४ | ४४३७४ | २४.०१ |
| ३३ | ३१२०२९०२३ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | ५९५०७ | ७५३५ | १२.६६ |
| ३४ | ३१२०२९०२४ | दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम | २०००० | ० | ० |
| ३५ | ३१२०२९०३३ | मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम | ८७५० | १२८० | १४.६३ |
| ३६ | ३१२९११२०३ | पशु सेवा विभाग (सङ्घ सशर्त अनुदान) | ५००० | १९७२ | ३९.४४ |
| ३७ | ३१२९११२१३ | कृषि विभाग (सङ्घ सशर्त अनुदान) | २०६०० | १८८३ | ९.१४ |
| ३८ | ३१२९११२३३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (सङ्घ सशर्त अनुदान) | २५७०० | ३४१३ | १३.२८ |
| ३९ | ३१२९११२४३ | पहाडि क्षेत्र काष्ट फल तथा फलफूल विकास आयोजना (सङ्घ सशर्त अनुदान) | ९६९०० | ३६४५ | ३.७७ |
| | | **कुल जम्मा** | **२१४९२९८** | **६७०९११** | **३१.२२** |

## ११. यस आ.व.मा स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू :

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू |
|---|---|
| १ | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ |
| २ | भूमि व्यवस्था कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन एकीकृत कार्यविधि, २०७९ |

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू |
|---|---|
| ३ | भूमि व्यवस्था, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन प्राविधिक मापदण्ड, २०७९ |
| ४ | प्राङ्गारिक लोगो (मूल्यवान लोगो) प्रयोग सम्बन्धी मापदण्ड, २०७८ |

## १२. विद्यमान जनशक्तिको अवस्थाः

- स्वीकृत दरबन्दीः ३६२
- पदपूर्ति दरबन्दीः २७२
- रिक्त दरबन्दीः ९०

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## १. पृष्ठभूमिः

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम सङ्घको एकल अधिकार अनुसूची-५ मा र साझा अधिकार अनुसूची ७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूची-६ मा र साझा अधिकार अनुसूची-७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूची-८ मा र साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित छ। धारा ५८ मा यस संविधान बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा सङ्घको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने सङ्घलाई प्रदान गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा सातवटा मन्त्रालयहरूको स्थापना गरिएको छ। आठवटा मन्त्रालयहरू मध्येको आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि एक हो। साविक सहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतको भवनमा मिति २०७४।१०।१९ गते स्थापना भइ सञ्चालनमा रहेको छ। यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

## २. दीर्घकालीन सोचः

**"समृद्ध कर्णाली, सुखारी कर्णालाबासी"** बनाउने दीर्घकालीन सोच कार्यान्वयन गर्न नागरिकको जिउ, ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण एवम् शान्ति र सुरक्षित प्रदेश।

## ३. ध्येयः

दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र सूचना प्रविधि विकास, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने।

## ४. रणनीतिक उद्देश्यहरुः

- आवश्यक एवम् प्रभावकारी कानून तर्जुमा गरी सबै निकाय तथा पदाधिकारीहरूलाई सक्षम उत्तरदायी र जिम्मेवार बनाउनु,
- डिजिटल प्रदेश निर्माणका लागि नागरिकको सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा सुलभ पहुँच अभिवृद्धि गर्नु,
- शान्ति र सुरक्षालाई समयानुकूल र जनउत्तरदायी बनाई मानव अधिकारको प्रत्याभूति र शान्ति सुरक्षा तथा सुव्यवस्था कायम राख्नु,
- विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण गर्न आवश्यक पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गर्नु,
- कर्णालीबासीलाई प्रत्यक्ष अनुभूति हुने गरी जवाफदेही र पारदर्शी प्रशासन मार्फत सुशासन कायम गर्नु,
- सङ्घीय र स्थानीय सरकारसँग समन्वय, सहकार्य र साझेदारी मार्फत प्रदेशको समृद्धि हासिल गर्नु।

## ५. कार्यक्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १ | प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घीय सरकारसँगको समन्वय र सहकार्य, |
| २ | अति विशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा। |
| ३ | सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान-प्रदान र समन्वय, |
| ४ | सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन, |
| ५ | प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय, |
| ६ | कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी, |
| ७ | प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी, |
| ८ | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, |
| ९ | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १० | प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी, |
| ११ | सामुदायिक प्रहरी, |
| १२ | प्रदेश भित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन, |
| १३ | प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन, |
| १४ | प्रदेश भित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख र समन्वय, |
| १५ | गुनासो र विवाद व्यवस्थापन, |
| १६ | सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन, |
| १७ | फौजदारी कार्यविधि, कानूनको कार्यान्वयन, |
| १८ | अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति, |
| १९ | निवारक नजरबन्द र स्थान हद सम्बन्धी, |
| २० | अन्तरप्रदेश सम्बन्ध, |
| २१ | सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान, |
| २२ | स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय, |
| २३ | पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २४ | विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| २५ | उपाधि, सम्मान तथा विभूषणको सिफारिस, |
| २६ | प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन, |
| २७ | प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुन स्थापनाःसम्बन्धी, |
| २८ | सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी, |
| २९ | प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण, |
| ३० | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ३१ | प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन, |
| ३२ | प्रदेश भित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन, |
| ३३ | प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाईन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन, |
| ३४ | साइबर सुरक्षा अनुगमन, |
| ३५ | छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचारसंहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन, |
| ३६ | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण, |
| ३७ | श्रमजीवि सञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन, |
| ३८ | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी, |
| ३९ | केबुल वितरणको इजाजत, नवीकरण र नियमन, |
| ४० | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, |
| ४१ | चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन, |
| ४२ | सूर्ति, मदिरा र लागूपदार्थजन्य वस्तुको मापदण्ड नियन्त्रण तथा नियमन, |
| ४३ | अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रुपमा नतोकिएका कार्य। |

## ६. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १७८ | प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक नीति, कानून तथा मापदण्डको तर्जुमा तथा समायानुकूल परिमार्जन गर्ने। | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भइ प्रदेश सभामा दर्ता भएको। |
| १७९ | नागरिकको आधारभुत मानव अधिकारको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति तथा नागरिक स्वतन्त्रता रक्षाको लागि आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गर्ने। | मन्त्रालयको कानून महाशाखा अन्तर्गतको मानव अधिकार शाखाबाट नियमित कार्यक्रम सञ्चालन भइ रहेको। |
| १८० | मानव अधिकारका सर्वमान्य मूल्यमान्यतालाई आत्मसात् गर्दै मानव अधिकार संरक्षण र प्रवर्द्धनका कार्यक्रम गर्ने। | मन्त्रालयको कानून महाशाखा अन्तर्गतको मानव अधिकार शाखाबाट नियमित कार्यक्रम सञ्चालन भइ रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १८३ | प्रदेश प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गरी प्रहरी सेवालाई सुदृढ, सक्षम र व्यावसायिक बनाउन कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरी कार्यान्वयनमा ल्याईनेछ। प्रदेश बाहिर रहेको प्रदेश प्रहरी तालिम केन्द्रलाई कर्णाली प्रदेशभित्र स्थानान्तरण गर्ने। | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भइ प्रदेश सभामा दर्ता भएको। नेपालगञ्ज बाँकेमा रहेको नेपाल प्रहरी विशेष सुरक्षा गणलाई कर्णाली प्रदेशभित्र सुर्खेतको गुर्भाकोट न.पा.मा स्थानान्तरण गरिएको। |
| १८४ | जनआन्दोलन, सशस्त्र सङ्घर्ष र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनका क्रममा घाइते अपाङ्गता भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता र न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमाबुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई सहिद स्मृति भत्ता उपलब्ध गराउने। | प्रदेश अस्पताल सुर्खेतसँग सम्झौता गरी द्वन्द्व पीडित घाइते अपाङ्गता भएका व्यक्तिको निःशुल्क उपचारको व्यवस्था भएको। हालसम्म ७६ जनाले निशुल्क उपचार सुविधा लिएका छन्। कार्यविधि, निर्माण भइ जीवन निर्वाह भत्ता र सहिद स्मृति भत्ता वितरणका लागि स्थानीय तहबाट विवरण सङ्कलन तथा अख्तियारी प्रदानको चरणमा रहेको। |
| १८५ | स्थानीय तह, समुदाय तथा सरोकारवालासँगको साझेदारीमा मानव बेचबिखन, घरेलु हिंसा, लागुऔषध, मदिरा एवम् सुर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता समाजमा रहेका विसङ्गति र सबै प्रकारका विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | कर्णाली प्रदेश भित्र डोल्पा, सुर्खेत लगायतका जिल्लामा ४ वटा कार्यक्रम सञ्चालन भएको। बाँकी सञ्चालनको लागि तयारी भएको। |
| १८७ | विपद् व्यवस्थापनका कार्यक्रमलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गर्ने। सङ्घ सरकारसँगको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार गर्न आवश्यक जनशक्तिको क्षमता विकास गर्ने। | कर्णाली प्रदेश भित्रका जिल्लामा कार्यक्रम सञ्चालन भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १८८ | विपद् पूर्वतयारी खोज, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्वयंसेवी रूपमा सहभागी हुन युवाहरूलाई उत्प्रेरित गरिनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गर्ने। | कार्यान्वयन भइरहेको। |
| १८९ | कर्णाली प्रदेशभित्र हुन सक्ने विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई समन्वयात्मक रूपमा अगाडि बढाउन विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु। विपद्सम्बन्धी तथ्याङ्कहरू एकीकृत रूपमा सङ्कलन गर्ने प्रणालीको विकास गरिनेछ। | कार्यान्वयन भइरहेको। |
| १९० | विकास साझेदारहरूसँगको साझेदारी र समन्वयमा प्रदेशको विपद्जोखिम नक्साङ्कन गरिनेछ। विपद् पूर्वसूचना प्रणालीलाई व्यवस्थित गर्न जानकारीमूलक सन्देश सम्प्रेषण गरी विपद्लाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न प्रदेशका सबै सरकारी कार्यालयका साईनबोर्डमा जि.पि.एस. लोकेशन राख्ने। | कार्यक्षेत्रगत शर्त निर्माणको चरणमा रहेको। |
| १९१ | सम्पूर्ण कर्णालीबासी, राष्ट्रसेवक र गैरसरकारी सङ्घ संस्थामा कार्यरत कर्मचारीको सामूहिक विपद् जोखिम दुर्घटना बिमा गर्ने। | राष्ट्रिय बिमा कम्पनीसँग सम्झौता गरी कार्यान्वयनमा रहेको। |
| १९२ | आगामी आर्थिक वर्ष देखि विपद्बाट हुन सक्ने सम्भावित जोखिम हस्तान्तरण गर्न सरकारी बिमा कम्पनी मार्फत कर्णाली प्रदेशभित्रका घरहरूको बिमा गर्ने। | सम्झौताका लागि राष्ट्रिय बिमा कम्पनीसँग समन्वय भइरहेको। |
| १९३ | प्रदेशमा शान्ति सुरक्षा मजबुद बनाउन तथा आपराधिक घटनाको समयमानै सूचना प्रवाह गर्न प्रदेशका प्रत्येक घरमा नजिकको प्रहरीको सम्पर्क नम्बर सहितको स्टिकर टाँस गर्ने । बढ्दो साइबर अपराध नियन्त्रण गरी साइबर जोखिम न्यूनीकरण गर्न प्रदेश साइबर व्युरो स्थापना गर्न आवश्यक पहल गरिनेछ। | स्टिकर टाँस कार्यक्रम दोहोरो हुने भएकाले कार्यान्वयन नभएको।<br>साइबर अपराध न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| १९४ | सङ्गठित अपराध, वित्तीय अपराध, आत्महत्या, हिंसा, लागूऔषध तथा अवैध हातहतियारको ओसारपसार, साइबर क्राईम लगायतका कानुनी व्यवस्थाका सम्बन्धमा विद्यालय र क्याम्पसका शिक्षक र विद्यार्थीसँग अन्तर्क्रिया तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। | कार्यान्वयन भइ रहेको। |
| १९५ | श्रमजिवी पत्रकारको उत्प्रेरणा र व्यावसायीक दक्षता विकासको कार्यक्रमलाई निरन्तरता दिईनेछ साथै पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर छात्रवृत्ति प्रदान गर्ने। | कार्यान्वयन भइ रहेको। |
| १९६ | सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण र नियमन तथा अभिलेखीकरण कार्यलाई प्रभावकारी बनाउने। सञ्चार माध्यमहरूलाई प्रदान गर्ने लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने। | कार्यान्वयन भइ रहेको। |
| १९८ | प्रदेशका मुख्य-मुख्य सीमा नाकामा अपराध नियन्त्रण तथा सडक सुरक्षा प्रयोजनार्थ डिजिटल गेट जडान गर्ने। | कार्यक्षेत्रगत शर्त तथा लागत अनुमान तयार भएको। |
| २०१ | प्रदेश तथा स्थानीय तहसँग सम्बन्धित सूचना प्रविधि सम्बन्धी एप्स तथा सफ्टवेयर निर्माण गर्नु पूर्व आन्तरिक मामिला तथा कानून मन्त्रालयको पूर्व सहमति लिनुपर्ने। | कार्यान्वयन भइरहेको। |

## ७. आर्थिक वर्ष २०८०/८१ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- द्वन्द्व पीडित घाइते अपाङ्गता भएका व्यक्तिहरूको उपचारका लागि द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि, २०८० बमोजिम प्रदेश अस्पताल, सुर्खेतसँग सम्झौता गरी निःशुल्क द्वन्द्व पीडित घाइते अपाङ्गता भएका व्यक्तिहरूको उपचार कार्य भइरहेको।
- लैङ्गिक हिंसा, मानव अधिकार, लागूऔषध दुर्व्यसनी विरुद्ध सचेतना लगायत शान्ति सुरक्षा सम्बन्धी कार्यक्रमहरू विभिन्न स्थानीय तह तथा विद्यालयहरूमा सञ्चालन गरिएको।

- सहिद स्मृती भत्ता वितरण कार्यविधि, २०८० र घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८० बमोजिम भत्ता वितरणका लागि विवरण सङ्कलन तथा रकम अख्तियारी प्रदान सम्बन्धी कार्य भइरहेको।
- कर्णाली प्रदेशको भूकम्पीय जोखिम सम्बन्धी पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउन समन्वय भइरहेको।
- प्रदेश विपद् गोदाम घर निर्माण सम्पन्न भइ सञ्चालन रहेको।
- विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम कार्यान्वयनका लागि सम्झौता सम्पन्न भएको।
- प्राकृतिक प्रकोप एवम् विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- विपद् व्यवस्थापन कोषमा रु. ४ करोड रकम थप गरिएको।
- यस आर्थिक वर्षमा अध्यादेश, ऐन कार्यविधि, नियमावली, सूचना गरी जम्मा २८ वटा सूचना राजपत्रमा प्रकाशन गरिएको साथै वेबसाइटमा अपलोड गर्ने कार्य निरन्तर भइ रहेको।
- विधेयक, नियमावली तथा कार्यविधिहरूको विभिन्न मन्त्रालयहरूलाई ५२ वटा सैद्धान्तिक सहमति/सुझाव/राय प्रदान गरिएको।
- सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउनको लागि लोककल्याणकारी विज्ञापन प्रशारण प्रकाशन कार्यविधि, २०८० मन्त्रिपरिषद्बाट स्वीकृत भइ कार्यान्वयनमा रहेको।
- कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ र कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ बमोजिम प्रदेशका सञ्चार माध्यमहरूको नवीकरण कार्य नियमित रुपमा भइरहेको।
- पत्रकार कल्याण कोषका लागि नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश समितिको पत्रकार कल्याण अक्षय कोषमा रु. ५ लाख जम्मा गरिएको।
- मन्त्रालय र अन्य निकायका सूचना अधिकारी, प्रवक्ता र सञ्चारकर्मीसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।

## ८. सम्पादनमा देखिएका समस्या तथा कारणहरुः

- स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नभएको। (३८ मध्ये १४ वटा दरबन्दी रिक्त ३ वटा महाशाखा प्रमुख र ९ जना अधिकृत),
- मन्त्रालयको मातहतको निकाय नहुनु,
- सरकारका तीन तहबिच अधिकार क्षेत्र र जिम्मेवारीका सम्बन्धमा साझा बुझाई नहुनु,
- विपद् व्यवस्थापन कोषमा पर्याप्त बजेट नहुनु,

- विपद् जोखिम क्षेत्र नक्साङ्कन (प्राविधिक जनशक्तिको अभाव),
- डिजिटल कर्णालीको गुरुयोजना निर्माण (प्राविधिक जनशक्तिको अभाव)
- वितरणमुखी कार्यक्रम।

## ९. आर्थिक वर्ष २०७९/०८० मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण

*(रू. हजारमा)*

| व.नं.शि.उ. | मन्त्रालय | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २५७४८३ | १५८१६८.३२८ | ६१.४३ |
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४४४१० | २४९७७.६३१ | ५६.२४ |
| **कुल जम्मा** | | **३०१८९३** | **१८३१६९.९६०** | **६०.६७** |

***स्रोतः*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## १०. आर्थिक वर्ष २०८०/८१ मा विनियोजित बजेट तथा चैत्र मसान्तसम्मको खर्चको प्रगतिको अवस्थाः

*(रू. हजारमा)*

| व.नं.शि.उ. | बजेट उपशिर्षक तथा कार्यक्रम | विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २९९२२१ | ९८३१२ | ३२.८६ |
| ३१४०००११४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९०६२९ | १६३०१ | १७.९९ |
| **कुल जम्मा** | | **३८९८५०** | **११४६१३** | **२९.४** |

## ११. यस आ.व.मा तर्जुमा भइ स्वीकृत भएका ऐन,  नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन,  नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८० |
| २ | विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० |
| ३ | सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०८० |
| ४ | घाइते अपाङ्गताता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८० |
| ५ | विपद् उद्दार साहसिक पुरस्कार वितरण कार्यविधि, २०८० |
| ६ | कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८० |

| क्र.सं. | ऐन,  नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| ७ | द्वन्द्व पीडित घाइते अपाङ्गता उपचार खर्च कार्यविधि, २०८० |
| ८ | कर्णाली प्रदेश पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८० |

## १२. विद्यमान जनशक्तिको अवस्था

- स्वीकृत दरबन्दीः ३८
- पदपूर्ति दरबन्दीः २४
- रिक्त दरबन्दीः १४

# भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

## १. पृष्ठभूमि

नेपालको संविधान लागू हुनुपूर्व विभिन्न सङ्घीय मन्त्रालयबाट सम्पादन हुँदै आएका कार्यक्रम संविधान लागु भएपछि सङ्घ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार सङ्घीय सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका प्रदेशस्तरका परिवहन, लोकमार्ग, प्रदेशको यातायात व्यवस्थापन, प्रदेश सरकारी कार्यालयको भौतिक व्यवस्थापन जस्ता कार्यहरू यस मन्त्रालयको कार्यक्षेत्रभित्र रहेको छ। साथै सङ्घ र प्रदेशको साझा अधिकारको सूची, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्यजिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात व्यवस्थापन, प्रदेशस्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत–सम्भार लगायतका विषयको आवश्यक नीति, कानून, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी कार्य यस मन्त्रालयद्वारा सम्पादन भइरहेको छ। भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत–सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्गनिर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुने गर्दछन्।

## २. दीर्घकालीन सोचः

- सडक पूर्वाधार र यातायातको विकासमार्फत प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने।
- प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित सहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि हासिल गर्ने।
- सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकास कार्यक्रम मार्फत दिगो विकास गर्ने।

## ३. ध्येयः

- सडक सञ्जाल सन्तुलित विकास तथा विस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने। वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवम् विस्तार,

भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने।

- सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तहबिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध विस्तार गर्ने।
- सडक पूर्वाधारको उचित मर्मत–सम्भार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने।
- यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने।
- विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित सहर निर्माण गर्ने।
- सहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने।
- सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने।
- वन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ सुलभ र किफायती भवनहरूको निर्माण गर्ने।
- एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत–सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्ने।

## ४. रणनीतिक उद्देश्यहरू:

- प्रदेश राजधानीबाट स्थानीय सरकारका केन्द्र, स्थानीय तहका केन्द्रबाट वडा केन्द्र र बस्तीसम्म साविक सडक सञ्जालको स्तरोन्नति र नयाँ सडकको निर्माण तथा विस्तार गरी कृषि, उद्योग तथा व्यापार, पर्यटन, शिक्षा, स्वास्थ्य र अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट उपलब्ध हुने सेवामा पहुँच अभिवृद्धि गर्ने।
- सडक पहुँच र आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित बाह्रै महिना सञ्चालन र भरपर्दो यातायात सुविधा विस्तार गर्ने।
- आयोजनाको मर्मत–सम्भार, पुनःस्थापना तथा सेवाको गुणस्तर अभिवृद्धि गरी दिगो सेवा उपलब्ध गराउने।
- संस्थागत सुदृढीकरण र प्रक्रियागत सरलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने।

- दिगो तथा वातावरणमैत्री सवारी साधनको उपयोगमा जोड दिने। सार्वजनिक यातायातलाई प्रोत्साहन गर्दै निजी तथा सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी एवम् व्यवस्थित गर्ने। विद्यमान सहरको वातावरणीय सुधारका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने।
- सुरक्षित र सुविधा सम्पन्न आवास निर्माणका लागि एकीकृत बस्ती विकास गरी भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई सुरक्षित बासस्थानमा स्थानान्तरण गर्ने।

## ५. कार्यक्षेत्रः

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्य जिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड, र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन, |
| २. | प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण, |
| ३. | प्रदेशभित्रको यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर, भाडा दर निर्धारण र अनुगमन तथा नियमन, |
| ४. | वातावरणमैत्री, अपाङ्गतातामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन, |
| ५. | प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन, |
| ६. | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन, |
| ७. | प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन, |
| ८. | प्रदेशस्तरका सरकारी कार्यालयको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ९. | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र मार्गनिर्देशन, |
| १०. | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन, |

| क्र.सं. | कार्य जिम्मेवारी |
|---|---|
| ११. | प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, |
| १२. | प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण, |
| १३. | सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, |

## ६. आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्त सम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | **सडक पूर्वाधार र यातायात सेवा** | |
| १७ | कर्णाली प्रदेशमा सुरक्षित, गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि प्रदेश सडक गुरुयोजना तयार गर्ने काम सम्पन्न गर्ने। गुरूयोजना अनुसार सडकहरूको प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। | प्रदेश सडक गुरुयोजना तर्जुमा भइ स्वीकृतिको अन्तिम चरणमा रहेको छ। |
| १८ | प्रदेश राजधानी वीरेन्द्रनगर तथा पञ्चपुरी र भेरीगङ्गा उपत्यकालाई हरित सहरको रूपमा विकास गर्न सफा, सुन्दर, व्यवस्थित र सभ्य सहरको रूपमा रूपान्तरण गरी नेपालकै आकर्षक पर्यटकीय गन्तव्य बनाउन स्थानगत योजना निर्माण गर्ने। | उक्त कार्यक्रम सुरूवातको चरणमा भएको छ। |
| १९ | प्रदेशका रणनीतिक महत्त्वका सडकहरू खार्पुनाथ-टापुलेख सडक , त्रिवेणी-नर्कु- सर्मी-भालुलेक-जुम्ला सडक, जुम्ला-दानसाँघु-चोत्र-काइगाउँ-डोल्पा सडक र देवस्थल-कैनकाँडा-चौरजहारी-डोल्पा सडक निर्माण तथा स्तरोन्नति गर्ने। | निर्माण कार्य भइरहेको। |
| २० | चिसापानी-राडी-नदुवा-मुसिकोट सडक निर्माण गर्ने। | निर्माण कार्य भइरहेको। |
| २१ | प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकको स्तरोन्नति तथा निर्माण कार्यलाई प्राथमिकता दिएको छु। बड्डीचौर-विम्रेनी-बाबियाचौर-विद्यापुर-सडक र माथिल्लो डुङ्गेश्वर -दुल्लु-व्याउली-कालिकोट सडकलाई कालोपत्रे गर्ने। | निर्माण कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| २२ | कर्णाली प्रदेशभित्रका सडक सञ्जालसँग जोड्न बाँकी रहेका स्थानीय तहहरूको केन्द्र जोड्ने सडक तथा स्थानीय तहको केन्द्रदेखि मौजुदा मुख्य सडक सञ्जाल वा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माण गर्ने। | निर्माण कार्य भइरहेको। बाँकी स्थानीय तह जोड्ने कार्यका लागि प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना कार्यालयको स्थापना भइ आयोजनाका प्रारम्भिक कार्यहरू भइरहेको। |
| २३ | पूर्वाधार निर्माण कार्यको गुणस्तर, दिगोपना र विश्वसनीयता अभिवृद्धि गर्न निर्माण सामग्री तथा निर्मित पूर्वाधारको गुणस्तर परीक्षणका लागि प्रदेश राजधानी वीरेन्द्रनगरमा भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गत रहने गरी सुविधासम्पन्न गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने। | पूर्वाधार विकास निर्देशनालयमा ल्यावको स्थापना भएको छ। |
| २४ | प्रदेशभित्रका रणनीतिक महत्त्वका दोमुख तारापानी-गमगढी-नाक्चेलाग्ना सडक, घाटगाउँ-कुल्लीमारी सडक, थारमारे-बडागाउँ-चौरजहारी सडक निर्माण गर्ने। | निर्माण कार्य भइरहेको । |
| २५ | अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाउन रानीघाट-भुरीगाउ-तेलपानी सडक र कालिकोट-लालु-लैफु- कोटवाडा-राष्कोट हुँदै रामारोशन जोड्ने सडकको निर्माण तथा स्तरोन्नति गर्ने। | निर्माण तथा स्तरोन्नति कार्य भइरहेको। |
| २६ | हुड्के व्युरेनी माझघाट चेपाङ्ग जामु सडक स्तरोन्नतिका लागि रू. ३६  करोड र सर्केगाड मारधारे खार्पुनाथ सिमकोट सडक निर्माणको गर्ने। | निर्माण कार्य भइरहेको। |
| २७ | प्रदेशको महत्त्वपूर्ण पर्यटकीय केन्द्र रारालाई ताल्चा विमानस्थलसँग जोड्ने सडक कालोपत्रे गर्ने। | निर्माण कार्य भइरहेको। |
| २८ | कालिमाटी-रामपुर-रामबजार-लुहाम-सल्यान खलङ्गा जोड्ने सडक निर्माण गर्ने। | निर्माण कार्य भइरहेको। |
| २९ | सल्यान खलङ्गा-कालिमाटी-घुइयाबारी-काप्रेचौर - खर्कवार-क कोहलपुर सडक निर्माण गर्ने। | निर्माण कार्यको खरिद प्रकृया अन्तिम चरणमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| ३० | कालिमाटी-खाल्चौर- नेटिलेक सडक खण्डको सक्ला खारी बयाल लिम्सा सडक, छेडा चलह सानाखोला चाँद जुम्ला सडक र रानागाउँ रेडक्रस भवन देखि वि.पी. पार्क टाउके बजार मचाइना झाप्रा चलह सड़क निर्माण तथा स्तरोन्नतिका गर्ने। | निर्माण कार्य भइरहेको। |
| ३१ | कर्णाली प्रदेशको मेरुदण्डको रूपमा रहेका सुर्खेतको छिन्चु देखि उपल्लो डोल्पा जाने भेरी करिडोर, वीरेन्द्रनगरबाट हुम्लाको हिल्सासम्मको कर्णाली करिडोर र कर्णाली राजमार्ग अन्तर्गत कालिकोटको सेरिघाट जुम्लाको खलङ्गा-मुगुको नाक्चेलाग्ना खण्ड समेत गुणस्तरीय निर्माण तथा स्तरोन्नति हुन सकेमा शे-फोक्सुण्डो ताल, राराताल र लिमिबाट कैलाश मानसरोवर दर्शनका लागि लाखौं पर्यटक आकर्षित भइ कर्णालीबासीका लागि रोजगारी सिर्जना हुने र यस बाट प्रदेशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने भएकोले सङ्घीय सरकारसँग सहकार्य गरी यी करिडोर र राजमार्गको निर्माण तथा स्तरोन्नति प्रदेश सरकारबाट समेत गर्ने। | सङ्घीय सरकारसँग सहकार्य भइरहेको। |
| ३२ | प्रदेश निर्वाचन क्षेत्रभित्रको रणनीतिक सडकलाई थप स्तरोन्नति गर्दै एक निर्वाचन क्षेत्र एक बहुवर्षीय सडक आयोजना कार्यान्वयन गर्ने। | निर्माण कार्य भइरहेको। |
| ३३ | ग्रामीण सडक सञ्जाल आयोजना अन्तर्गत विस्तृत ईन्जिनियरिङ्ग अध्ययन सम्पन्न भइ वातावरणीय अध्ययन भइरहेका जाजरकोट जिल्लाको मोर्क-चंखिला-बडावन-सानाखोला सडक, सुर्खेत जिल्लाको दशरथपुर-डाँडागाउँ- जितेजुवा-ढाडखेत-मटेला-धरमपोखरा सडक, रुकुम पश्चिमको चौरजहारी-नार्जी-खोलागाउँ- चौफा-बैरागीठाँटी-मुसीकोट-सल्ले सडक निर्माण गर्ने। | ठेक्का सम्झौता भइ Joint Survey सुरु भइरहेको। |
| ३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत विस्तृत ईन्जिनियरिङ्ग अध्ययन सम्पन्न भइ वातावरणीय अध्ययन भइरहेका डुङ्गेश्वर-डाँडापराजुल सडक दैलेख र | विस्तृत ईन्जिनियरिङ्ग अध्ययन तथा वातावरणीय अध्ययन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| | गल्फागाड थाडाकाटे सडक हुम्लालाई दातृ निकायको साझेदारीमा आगामी आर्थिक वर्ष देखि कार्यान्वयन गर्ने। | |
| ३५ | डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण र कालिकोट जिल्लाको महाबै गाउँपालिका केन्द्र जोड्ने सडक निर्माण गर्ने। | विस्तृत ईन्जिनियरिङ्ग अध्ययन तथा वातावरणीय अध्ययन भइरहेको। |
| ३६ | बहुवर्षीय र क्रमागत आयोजनाको रूपमा कार्यान्वयनमा रहेका सडक, पुल लगायतका आयोजना तोकिएको समयभित्र सम्पन्न गर्ने। | निर्माण कार्य भइरहेको। |
| ३७ | निर्माणाधीन तथा नयाँ मोटरेवल पुल निर्माणका लागि प्राथमिकता दिएको छु। पुल निर्माण गर्न अति आवश्यक स्थानहरूको सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयन गर्ने। | विस्तृत ईन्जिनियरिङ्ग अध्ययन भइ स्रोत सुनिश्चितता प्राप्त भइसकेका सडक पुलहरूको खरिद प्रकृया अघि बढी निर्माण कार्य सुरू भएको। |
| ३८ | प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका सहरका सडकहरूमा सडक सुरक्षाको लागि आवश्यक रोड मार्किङ गरी मुख्य मुख्य चोकहरूमा ट्राफिक सङ्केत राख्ने। | कार्यान्वयन भएको। |
| ३९ | सडक निर्माणका लागि बढ्दै गइरहेको माग र आवश्यकतालाई सम्बोधन गर्न सङ्घ सरकार, स्थानीय तह एवम् अन्य सरोकारवालासँग लागत साझेदारीमा सडक निर्माण कार्यका लागि सह-लगानीमा आधारित सडक आयोजना सञ्चालन गर्ने। | कार्यविधि, निर्माण भइ स्थानीय तहहरूसँग प्रस्ताव माग गरिएको। |
| ४० | निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम सञ्चालन गर्ने। यस कार्यक्रमबाट रु २० लाख भन्दा कम लागतका आयोजना छनोट गर्न नपाउने। | सम्मानित सर्वोच्च अदालतको उक्त बजेट कार्यान्वयनमा रोक लगाएकोले कार्यान्वयन हुन नसकेको। |
| ४१ | भौगोलिक रूपले विकट र दुर्गम स्थानका जनताको सेवामा पहुँच विस्तारका लागि एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन स्थानीय तह र सङ्घीय निकायहरूसँग समन्वय तथा सहकार्य समेत गर्ने। | निर्माण कार्य भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| ४२ | प्रदेश सरकारको आफ्नै ट्रायल सेन्टरबाट सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा सञ्चालनका लागि सुर्खेत र रुकुम पश्चिम जिल्लामा ट्रायल सेन्टर निर्माण गर्ने तथा जुम्ला जिल्लामा रहेको ट्रायल सेन्टर मर्मत गरी सञ्चालनमा ल्याउने। | रुकुममा निर्माण कार्य सम्पन्न भइसकेको, सुर्खेतमा निर्माणाधिन अवस्था रहेको र जुम्लामा मर्मत कार्य भइसकको |
| ४३ | प्रदेशभित्रका निर्माण सम्पन्न भएका पूर्वाधारबाट उपलब्ध भइरहेको सेवा र सुविधाको स्तर निरन्तर कायम राख्न र निर्मित सम्पत्तिको संरक्षण गर्न नियमित तथा आकस्मिक मर्मत सम्भार गर्ने। | नियमित तथा आकस्मिक मर्मत सम्भारको लागि RMG परिचालन मार्फत मर्मत कार्य भइरहेको। |
| ४४ | समृद्ध कर्णाली सुखारी कर्णालीबासीको दीर्घकालीन सोचलाई टेवा पुऱ्याउनको लागि रोजगारी सिर्जना हुने गरी परीक्षणका रूपमा सडक मर्मत सम्भार समूह तथा बाह्रै महिना यातायात सञ्चालन हुने सडकहरूमा सडक मर्मत सम्भारकर्ता राख्ने। | नियमित तथा आकस्मिक मर्मत सम्भारको लागि RMG परिचालन मार्फत मर्मत कार्य भइरहेको। |
| | **सहरी विकास तथा आवास** | |
| ४५ | सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले कर्णाली प्रदेश सरकारका मन्त्रालयहरूको एकीकृत तथा आधुनिक भवन निर्माण कार्य प्रारम्भ गर्ने। | DPR निर्माण कार्य अन्तिम चरणमा रहेको र जग्गा प्राप्तिको कार्य अगाडी बढिरहेको। |
| ४६ | प्रदेशभित्र सुरक्षित, व्यवस्थित र वातावरणमैत्री एवम् अपाङ्गता भएका व्यक्ति मैत्री भवन निर्माण गर्नको लागि भवनसँग सम्बन्धित कानून, संहिता तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने। | भवन ऐनको मस्यौदा तयार गरी संसदमा पेस गर्नको लागि कर्णाली प्रदेश मन्त्रीपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्तिको चरणमा रहेको छ। |
| ४७ | कर्णाली प्रदेशको जटिल र कमजोर भौगर्भिक संरचना तथा जलवायु परिवर्तनका कारण उत्पन्न हुन सक्ने विपद्लाई मध्यनजर गर्दै छरिएर रहेका हिमाली क्षेत्र, दुर्गम क्षेत्र र नेपाल सरकारबाट सङ्कटग्रस्त घोषणा भएका चार जिल्लाहरू कालिकोट, मुगु, जुम्ला र हुम्लाका असुरक्षित तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न एकीकृत बस्ती विकास गर्ने। | सङ्कटग्रस्त बस्ती व्यवस्थापन र एकीकृत बस्ती विकास सम्बन्धी कार्यविधि, निर्माण भइ स्थानीय तहहरूसँग प्रस्ताव माग भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | चैत्र मसान्तसम्मको प्रगति |
|---|---|---|
| ४८ | सङ्घीय सरकारसँगको संयुक्त लगानीमा डोल्पाको शे-फोक्सुण्डो ताल किनारमा रहेको प्राचीन बस्ती रिङ्मोलाई बौद्ध कला र संस्कृतिको अनुपम बस्तीको रूपमा रूपान्तरण गरी यसलाई नेपालको अद्वितीय प्राकृतिक तथा धार्मिक पर्यटकीय केन्द्रको रूपमा विकास गर्न रिमो बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने। | DPR तयारि भइरहेको। |
| ४९ | सङ्घ तथा प्रदेश सरकारको सह-लगानीमा हुम्लाको सदरमुकाम सिमकोटको पूर्वाधार विकास गरी यसलाई मानसरोवर तथा कैलाशद्वार र नेपालको एक आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न खार्पु सिमकोट (मानसरोवर प्रवेशद्वार) नमुना एकीकृत पूर्वाधार विकास गर्ने। | DPR तयारी भइ लागत अनुमान स्वीकृतिको चरणमा रहेको छ। |
| ५० | आर्थिक तथा सामाजिक रूपले विपन्न वादी, गाइने, राउटे, बोटे, राजी, दलित, मुस्लिम तथा लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायलाई आवासको व्यवस्था गर्न विपन्नको घर कार्यक्रमलाई सञ्चालन गर्ने। | विपन्नको घर कार्यक्रम मार्फत उक्त विषय सम्बोधन भइरहेको। |
| ५१ | सङ्घीय सरकार समेतको सहकार्यमा दलित, विपन्न र सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न सञ्चालित जनता आवास कार्यक्रमलाई निरन्तरता दिने। | जनता आवास र विपन्नको घर कार्यक्रम मार्फत उक्त विषय सम्बोधन भइरहेको। |
| ५२ | सार्वजनिक निकायमा कार्यरत जनशक्तिका लागि तालिम सञ्चालन गर्न जुम्ला जिल्लाको कनकासुन्दरी गाउँपालिकाको खिचन्नेमा सुविधा सम्पन्न एकीकृत आवासीय प्रशिक्षण प्रतिष्ठानको भवन निर्माणको विस्तृत सम्भाव्यता अध्ययन गर्ने। | DPR तयारि भइ लागत अनुमान स्वीकृतिको चरणमा रहेको। |

## ७. आर्थिक वर्ष २०८०/०८१ को चैत्र मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरुः

- एशियाली विकास बैंक (ADB) को सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल कार्यक्रम (RCIP) तर्फका ३ वटा सडकहरूको खरिद सम्झौता सम्पन्न भएको।
- विश्व बैंक (World Bank) को सहयोगमा सञ्चालित प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) अन्तर्गतका दैलेख र हुम्लामा २ वटा आयोजनाको ठेक्का आहवानको पूर्व तयारीको कार्य अन्तिम चरणमा पुगेको ।

- कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको भवन निर्माण कार्य तीव्र रूपमा अगाडि बढेको छ।
- समपुरक आयोजना तर्फ हुम्ला जिल्लाको खार्पू - सिमकोट (मानसरोवर प्रवेशद्वार) नमूना एकीकृत पूर्वाधार विकास कार्यक्रमको लागत अनुमान स्वीकृतिको अन्तिम चरणमा रहेको र डोल्पा जिल्लाको (रिङ्गबो) बस्ती विकास कार्यक्रम शे-फोक्सुणडो गा.पा. वडा नं ८ को DPR तयारी भइरहेको।
- पूर्वाधार विकास कार्यालयमा कार्यरत इन्जिनियर तथा सब-इन्जिनियरहरूको लागि स्थानीय सडक पुल कार्यक्रम (LRBP) को सहयोगमा क्षमता अभिवृद्धि तालिम आयोजना गरिएको।
- पूर्वाधार विकास कार्यालयमा कार्यरत इन्जिनियर तथा सब-इन्जिनियरहरूको लागि झोलुङ्गे पुल सहयोग कार्यक्रम (TBSU) सहयोगमा क्षमता अभिवृद्धि सम्बन्धी तालिम आयोजना गरिएको।
- यातायात व्यवस्था सेवा कार्यालय रुकुम पश्चिमबाट सवारी चालक अनुमतिपत्र वितरणको सेवा सुचारु गरिएको।
- हेल्भेटास नेपालद्वारा स्विस सरकारको आर्थिक सहयोगमा भूकम्प प्रभावित पालिका (भेरी नगरपालिका, नलगाड नगरपालिका, आठबिसकोट नगरपालिका र सानीभेरी गाउँपालिका) मा सिप तथा पुननिर्माण परियोजना सञ्चालनमा ल्याइएको।
- एउटा सडकको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको, चारवटा सडकको प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति गरिएको। साथै २ वटा सडकहरूको सङ्क्षिप्त प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको कार्यसूची स्वीकृत गरिएको ।
- यातायात क्षेत्र सडक सवारी तथा भाडा अनुगमन तथा जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरिएको।
- सवारी दर्ता, नवीकरण तथा अन्य कार्य साथै सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यहरू पूर्ण रुपमा अनलाइन मार्फत सम्पन्न गर्न EVRS (Electronic Vehicle Registration System) र EDLVRS (Electronic Driving License and Vehicle Registration System) प्रणालीलाई अपग्रेड गरी लागू गरिएको।
- यस अवधिमा थप १२०.०८ कि.मी. नयाँ सडक ट्र्याक खोल्ने काम, ६५ कि.मी. सडक स्तरोन्नति, ८ कि.मी. कालोपत्रे, सडक पुल ८ वटा तथा झोलुङ्गे पुल १७ सम्पन्न।
- जनता आवास कार्यक्रम तथा विपन्नको घर कार्यक्रमवाट यस अवधिमा कूल ५३ इकाई निर्माण कार्य सम्झौता भइ कार्यान्वयनमा रहेको छ।

## ८. आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरण:

*(रू. हजारमा)*

| अनुदान संख्या | मन्त्रालय | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ११११२९४६४ | ६१३६४११.२ | ५०.१५ |
| | **जम्मा** | **११११२९४६४** | **६१३६४११.२** | **५०.१५** |

***स्रोत:*** *आ.व. २०७९/८० को एकीकृत वित्तीय विवरणको प्रतिवेदन, प्र.ले.नि.का. सुर्खेत।*

## ९. आर्थिक वर्ष २०८०/०८१ मा विनियोजित बजेट तथा २०८० चैत्र मसान्तसम्मको खर्चको प्रगति अवस्था:

*(रू. हजारमा)*

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ३३७०००११३ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४७७०१ | २१००० | ४४.०२ |
| २ | ३३७०००११४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५७०४५ | १९०१ | १.२१ |
| ३ | ३३७०००१२३ | सडक डिभिजन कार्यालय | १६५७१ | ७११६ | ४२.५७ |
| ४ | ३३७०००१२४ | सडक डिभिजन कार्यालय | ३९८०० | ३९२३२ | ९८.५७ |
| ५ | ३३७००९०२३ | ग्रामीण सडक सञ्जाल आयोजना | १२५०५ | ४११९ | ३२.९४ |
| ६ | ३३७०००९०२४ | ग्रामीण सडक सञ्जाल आयोजना | १५४००० | १५५४५ | १०.०९ |
| ७ | ३३७००९०३३ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) | १९०६६ | ४७०५ | २४.६७ |
| ८ | ३३७००९०३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना (PLRIP) | १७३७५० | ४२८६ | २.४६ |
| ९ | ३३७०१०११३ | पूर्वाधार विकास निर्देशनालय | २५५९० | १५६७६ | ६१.२५ |
| १० | ३३७०१०११४ | पूर्वाधार विकास निर्देशनालय | ६१६५० | ६९०१ | ११.१९ |
| ११ | ३३७०१०१२३ | पूर्वाधार विकास कार्यालय | १०६३३० | ६५५१८ | ६१.६१ |
| १२ | ३३७०१०१२४ | पूर्वाधार विकास कार्यालय | १६८०० | १३०९९ | ७७.९७ |
| १३ | ३३७०१९०१४ | राजधानी एकीकृत पूर्वाधार विकास कार्यक्रम | ५०००० | ० | ० |
| १४ | ३३७०१९०२४ | झोलुङ्गे पुल कार्य्रकम | १९५८४२ | ४४६०६ | २२.७७ |
| १५ | ३३७०१९०३४ | सडक लगायतका पूर्वाधारको आकस्मिक तथा नियमित मर्मत कार्यक्रम | ७३५०० | ३३२७२ | ४५.२७ |

| क्र. सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १६ | ३३७०१९०४४ | सरकारी भवन, आवास तथा सामुदायिक भवन निर्माण र मर्मत कार्यक्रम। | ११३५१९ | ४०३६२ | ३५.५५ |
| १७ | ३३७०१९०५४ | सहलगानीमा आधारित सडक आयोजना | २०००० | ० | ० |
| १८ | ३३७०१९०६४ | समपुरक आयोजना | १५७३२०० | ४३८०९२ | २७.८४ |
| १९ | ३३७०१९०७४ | सडक मोटेरेवल पुल कार्यक्रम | ६३१११३ | ८४८०० | ८.४८ |
| २० | ३३७०१९०८४ | सडक निर्माण कार्यक्रम | ३०१७०२५ | ७८९२७४ | २६.१६ |
| २१ | ३३७०१९०९४ | जनता आवास, विपन्नको घर र एकीकृत बस्ती विकास कार्यक्रम | ३२२००० | १३४९१ | ४.१९ |
| २२ | ३३७०२०११३ | यातायात व्यवस्था कार्यालय | १६७१८ | ८११३ | ४८.५२ |
| २३ | ३३७०२०११४ | यातायात व्यवस्था कार्यालय | ११४०० | १४७ | १.२९ |
| २४ | ३३७०२०१२३ | यातायात व्यवस्था सेवा कार्यालय | २४२३७ | १२५२६ | ५१.६८ |
| २५ | ३३७०२०१२४ | यातायात व्यवस्था सेवा कार्यालय | २५०० | १३२१ | ५२.८४ |
| २६ | ३३७९११२०४ | बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ९७००० | १८६७८ | १९.२६ |
| २७ | ३३७९११२३४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना (सङ्घ सशर्त अनुदान) | ६३००० | १२७४७ | २०.२३ |
| २८ | ३३७९११२४४ | बस्ती विकास कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ८२५०० | १०१५० | १२.३ |
| २९ | ३३७९११२५४ | सम्भावित प्रादेशिक सडकहरू (सङ्घ सशर्त अनुदान) | १६३००० | ४०७४१ | २४.९९ |
| ३० | ३३७९११२८३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना- ए एफ (सङ्घ सशर्त अनुदान) | १०००० | १५३६ | १५.३६ |
| ३१ | ३३७९११२८४ | ग्रमिण सडक संजाल सुधार आयोजना- ए एफ (सङ्घ सशर्त अनुदान) | ५९६६०० | ९०४९० | १५.१७ |

| क्र.सं. | ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| ३२ | ३३७९११२९४ | आवास व्यवस्था कार्यक्रम (सङ्घ सशर्त अनुदान) | २६४८०० | २४१९२ | ९.१४ |
| ३३ | ३३७९११३०४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (सङ्घ सशर्त अनुदान) | ६००० | ६००० | १०० |
| ३४ | ३३७९११३३४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम सङ्घ सशर्त अनुदान) | ७००००० | ० | ० |
| | | **कुल जम्मा** | **९९८४७६२** | **१८६९६३६** | **१८.७२** |

## १०. मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयको लक्ष्य र प्रगतिः

- सङ्कटग्रस्त बस्ती व्यवस्थापन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएको छ।
- कर्णाली प्रदेश सहलगानीमा आधारित पूर्वाधार विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कर्णाली प्रदेश सरकारबाट स्वीकृत भएको छ।
- कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेस गरिएको।
- कर्णाली प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेस गर्नको लागि कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) मा स्वीकृतिको लागि पेस गरिएको
- कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० कर्णाली प्रदेश सरकारवाट स्वीकृत भएको छ।
- कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा ब्यबस्थापन) कार्यविधि, २०८० को स्वीकृत भएको।
- झोलुङ्गे पुल रणनीति, २०८० मस्यौदा तर्जुमा गरिएको।
- प्रादेशिक सडक गुरुयोजना (PRMP) अध्यावधिक गरी स्वीकृतिको अन्तिम चरणमा पुगेको।
- एसियाली विकास बैङ्क (ADB) को सहयोगमा सञ्चालित ग्रामीण सडक सञ्जाल कार्यक्रम (RCIP) तर्फका ३ वटा सडकहरूको खरिद सम्झौता सम्पन्न भएको।

## ११. मन्त्रालयबाट उठान भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड आदिः

| क्र.सं. | स्वीकृत भएका ऐननीति/कार्यविधी/हरू |
|---|---|
| १ | सङ्कटग्रस्त बस्ती व्यवस्थापन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० |
| २ | कर्णाली प्रदेश सहलगानीमा आधारित पूर्वाधार विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० |
| ३ | कर्णाली प्रदेश निर्वाचन क्षेत्रगत पूर्वाधार विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० |
| ४ | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८० |

## १२. विद्यमान जनशक्तिको अवस्था

स्वीकृत दरबन्दीः २२१
पदपूर्ति दरबन्दीः १५८
रिक्त दरबन्दीः ६३

# सामाजिक विकास मन्त्रालय

## १. पृष्ठभूमि:

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०६ को निर्णय अनुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरबन्दी स्वीकृत भएको थियो। हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालय, ९ सामाजिक विकास कार्यालय, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश सङ्ग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालय र कुल ११३६ स्वीकृत दरबन्दी रहेका छन्।

## २. दीर्घकालीन सोच:

कर्णाली प्रदेशको स्वास्थ्य शिक्षा र मानव संसाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तीकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गरी कर्णालीबासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

## ३. ध्येय:

- कर्णालीबासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,
- सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने,
- समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,
- उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगारउन्मुख मानव संशाधन विकासमा जोड दिने,

- स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,
- कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्बर्द्धन गर्ने,

## ४. रणनैतिक उद्देश्यहरू:

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित हुनेगरी पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र स्वास्थ्य आपूर्ति प्रणालीको प्रभावकारी व्यवस्थापन गर्ने,
- विद्यमान पोषणको अवस्थामा सुधार ल्याउनको लागि समन्वयात्मक र सहकार्यात्मक कार्यहरू सञ्चालन गर्ने,
- आधारभूत तहसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य गर्दै माध्यमिक तहसम्मको शिक्षालाई सिपयुक्त, जीवनपयोगी, रोजगारमूलक र उत्पादनमूलक बनाउने,
- उच्चशिक्षाको पहुँचलाई विस्तार गरी वैज्ञानिक, खोजमूलक, उद्यमशील र अनुसन्धानमूलक बनाउँदै आत्मनिर्भर नागरिक तयार गर्ने,
- बालअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई कर्णालीको सामाजिक विकासमा मूलप्रवाहीकरण गर्ने,
- विकासका विभिन्न आयामहरूमा अपाङ्गता भएका व्यक्ति मैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, लैङ्गिकमैत्री रणनीति अवलम्बन गर्दै लोपोन्मुख, सीमान्तकृत तथा बञ्चितीकरणमा परेका जोखिमयुक्त वर्ग तथा समुदायको उत्थान गर्ने,
- युवालाई ज्ञान, सिप, प्रविधियुक्त, उद्यमशील र स्वावलम्बी बनाउँदै कर्णाली विकासको संवाहक शक्तिको रूपमा विकास गर्ने,
- कर्णालीको मानव संशाधन विकास ढाँचा निर्माण गर्दा भातृत्व, कर्णाली प्रदेशमा नै काम गर्ने र लगानी गर्ने लगाव सबैका लागि खेलकुदको अभिप्राय बमोजिम खेलकूदको पूर्वाधार विकास, प्रतिस्पर्धी र व्यावसायिक खेलाडीहरू उत्पादन गर्दै प्रदेशको समग्र खेलकूद जगतको संस्थागत विकास गर्ने।
- कर्णालीमा अवस्थित भाषिक, साहित्यिक, सांस्कृतिक, पुरातात्त्विक बहुमूल्य सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने।

## ५. कार्य क्षेत्र :

कर्णाली प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्य क्षेत्र तथा कार्यजिम्मेवारी देहाय बमोजिम रहेका छन् :

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १. | प्रदेश स्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| २. | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, |
| ३. | प्रदेश स्तरमा पुस्तकालय, सङ्ग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४. | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण, |
| ५. | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन, |
| ६. | प्रदेश स्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन, |
| ७. | माध्यमिक तहको परीक्षा व्यवस्थापन, |
| ८. | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन, |
| ९. | स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| १०. | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, |
| ११. | स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन, |
| १२. | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन, |
| १३. | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम विसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन, |
| १४. | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन, |
| १५. | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मादण्ड निर्धारण र कार्यान्वयन, |
| १६. | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| १७. | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन, |
| १८. | औषधी निगरानी )Pharmacovigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध(Antimicrobial Resistance)न्यूनीकरण, |
| १९. | खोप र परिवार नियोजन, |
| २०. | संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन, |
| २१. | प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह, |
| २२. | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन, |
| २३. | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन, |
| २४. | स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन, |
| २५. | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम, |
| २६. | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन, |
| २७. | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, |
| २८. | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन, |
| २९. | जनसङ्ख्या, बसाइँसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरूसँगको सम्पर्क र समन्वय, |
| ३०. | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ३१. | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापन, |
| ३२. | महिला सशक्तीकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान, |
| ३३. | लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण, |
| ३४. | बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवाप्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बालसुधार तथा पुनर्स्थापना, |

| क्र.सं. | कार्यजिम्मेवारी |
|---|---|
| ३५. | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिकाका र महिलासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, |
| ३६. | समाज कल्याण र सङ्घसंस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन, |
| ३७. | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठनागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन, |
| ३८. | सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य, |
| ३९. | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका स्थलसम्बन्धी, |
| ४०. | भाषा, लिपि संस्कृति, ललित कला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४१. | ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन, |
| ४२. | प्रादेशिकस्तरमा सङ्ग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन, |
| ४३. | प्रदेशस्तरका पुरातात्त्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, सङ्ग्रहालय, सांस्कृतिक धरोहर सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुनर्निर्माण, |
| ४४. | धर्म, परम्परा र गुठी अन्तर्गत चलि आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन, |
| ४५. | संस्कृतिको विकाससम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन, |
| ४६. | युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन, |
| ४७. | खेलकूदसम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन, |
| ४८. | खेलकूद प्रशासन र सङ्घ संस्थाको समन्वय र नियमन, |
| ४९. | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता, |

## ६. आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० चैत्र मसान्त सम्मको प्रगति विवरण

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | २०८० चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| ७७ | बहुवर्षीय आयोजनाको रुपमा रहेका सल्यान, रुकुम पश्चिम, डोल्पा, हुम्ला र दैलेख जिल्ला अस्पतालहरूको भौतिक पूर्वाधार निर्माण गर्ने। | डोल्पा जिल्ला अस्पतालको पूर्वाधार निर्माण कार्य सम्पन्न भइसकेको र बाँकी जिल्लाहरूको ५० देखि ९० प्रतिशत कार्य सम्पन्न भइसकेको। |
| ७८ | कर्णाली प्रदेशको स्वास्थ्य क्षेत्रलाई सुदृढ बनाई प्रेषण अस्पतालको रुपमा विकास गर्न प्रदेश अस्पताल सुर्खेतको तला थप अन्य पुँजीगत भौतिक पूर्वाधार निर्माण तथा सुधार गर्ने। | अस्पतालको तला थप कार्यक्रम तीव्र रुपमा भइरहेको र हाल २० प्रतिशत कार्य सम्पन्न भइसकेको। |
| ८२ | स्थानीय तहको सहकार्यमा रणनीतिक स्थानका आधारभूत अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग एवम् समन्वय गर्ने। | रणनीतिक अस्पतालहरूको ल्याव सेवालाई थप सुदृढीकरण गर्नका लागि रु ८ लाखका दरले १० वटा रणनैतिक अस्पतालहरूमा बजेट व्यवस्था गरिएको। |
| ८३ | आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच तथा बिरामीको उपचार खर्चमा सहुलियत दिन विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। विपन्न वर्गका बिरामीलाई जिल्ला बाहिर स्वास्थ्य उपचारको लागि प्रेषण गर्दा यातायात खर्च उपलब्ध गराउने। | बिमा कार्यक्रमको निरन्तरताको लागि आवश्यक बजेट रकमान्तर गरी जिल्लाहरूमा पठाईएको। विपन्न नागरिकको स्वास्थ्य उपचारको लागि प्रेषण गर्दा यातायात खर्च निरन्तर उपलब्ध गराईएको। |
| ८४ | आगामी आर्थिक वर्षलाई नागरिक स्वास्थ्य परीक्षण वर्ष अभियानको रुपमा सञ्चालन गर्न स्थानीय र सङ्घीय तहका अस्पताल तथा स्वास्थ्य संस्था र विकास साझेदार समेतको सहकार्यमा नागरिकको स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्ने। | सुर्खेतको चौकुने गाउँपालिकाका सबै वडाहरू र रुकुम पश्चिम जिल्लाका स्थानीय तहमा नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | २०८० चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| ८५ | मिर्गौलाको डायलाइसिस सेवालाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी अस्पतालमा विस्तार गर्ने। डाइलाइसिस सेवालाई जिल्ला अस्पतालहरू विस्तार गर्ने। | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा डायलाइसिस सेवा विस्तार भइ सकेकाले सेवा विस्तार गर्नु नपर्ने, चौरजहारी अस्पतालमा डायलाइसिस सेवा विस्तार गर्न औजार तथा उपकरण खरिदका प्रक्रिया अगाडि बढाइएको। |
| ८६ | प्रदेशका सबै जिल्लामा नियमित रुपमा एम्बुलेन्स/शववाहन, गुणस्तरीय स्वास्थ्य सामग्री, औषधी र उपकरणको आपूर्ति व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु। निःशुल्क र अत्यावश्कीय औषधीको सहज आपूर्तिको व्यवस्था गर्ने। | एम्बुलेन्स/ शववाहन खरिद भइ दर्ता प्रक्रियाका लागि सिफारिस भइरहेको र स्वास्थ्य सामग्री तथा अत्यावश्यक औषधीहरूको निरन्तर खरिद भइ वितरण समेत भइरहेको। |
| ८८ | सम्भावित महामारी तथा आकस्मिक स्वास्थ्य समस्यालाई तत्काल सम्बोधन गर्न महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन कोष व्यवस्थापन गर्ने। | महामारी तथा आकस्मिक कोषको रु. २ करोड रकम बाँडफाँट गरी जाजरकोटको रामीडाँडालाई केन्द्रबिन्दु बनाई गएको भूकम्पको प्रतिकार्यका लागि खर्च गरिएको। |
| ८९ | विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन हब तथा स्याटलाईट अस्पतालहरूमा टेलिमेडिसिन सेवा सञ्चालन गर्ने कार्य थप प्रभावकारी बनाउने। प्रदेश मातहतका अस्पतालहरूमा विशेषज्ञ सेवा सञ्चालन तथा व्यवस्थापन गर्ने। | टेलिमेडिसिन सेवा मन्त्रालय मातहतका अस्पतालहरूबाट प्रवाह भइरहेको र उक्त सेवालाई थप प्रभावकारी बनाउन कार्यविधि, संशोधनको प्रक्रिया अघि बढाईएको। अस्पतालहरूबाट विशेषज्ञ स्वास्थ्य सेवा निरन्तर प्रवाह भइरहेको। |
| ९० | कर्णाली प्रदेश सरकारको सुत्केरी पोषण कोसेली कार्यक्रमलाई स्थानीय तहसँगको सहकार्य र समन्वयमा निरन्तरता दिने। | सुत्केरी पोषण कोसेली बापतको रकम वितरणको लागि बजेट सम्बन्धित स्थानीय तहमा व्यवस्थापन गरिएको। |
| ९१ | आगामी आर्थिक वर्षमा कर्णाली प्रदेशभित्र खोप अभियानलाई तीव्र बनाई | विकास साझेदारहरूसँगको साझेदारीमा खोप कार्यक्रम निरन्तर सञ्चालन भइरहेको र |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | २०८० चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| | आर्थिक वर्ष २०८०/८१ मा पूर्ण खोप प्रदेश घोषणा गरिनेछ। बालबालिका र ज्येष्ठ नागरिकलाई लक्षित गरी निमोनिया विरुद्धको खोप अभियान सञ्चालनका लागि (समन्वय र सहकार्य विकास साझेदारहरूसँग गर्ने। | २०८० असोजमा यस प्रदेश पूर्ण खोप घोषणा भइसकेको। |
| ९२ | कर्णाली प्रदेशभित्र कार्यरत महिला स्वास्थ्य स्वयंसेविकालाई वार्षिक रु. १० हजार प्रोत्साहन भत्ता उपलब्ध गराउने। | प्रत्येक स्थानीय तहमा परिचालित महिला स्वयंसेविकाहरूको संख्या एकीन गरी सम्बन्धित स्थानीय तहमा बजेट पठाईसकिएको। |
| ९३ | सामुदायिक स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नका लागि स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सामुदायिक स्वास्थ्य इकाईहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने। | प्रदेशमा सञ्चालनमा रहेका ६६ वटा सामुदायिक स्वास्थ्य इकाईलाई रकम बाँडफाँट गरी पठाईएको। |
| ९४ | स्वास्थ्य सेवालाई विश्वसनीय, भरपर्दो र आधुनिक बनाउनका लागि प्रदेश जनस्वास्थ्य प्रयोगशालाको परीक्षण दायरा र क्षमता बढाउने। | प्रयोगशालाबाट प्रवाह हुने परीक्षण सेवालाई थप विस्तारित गरिएको छ। |
| ९५ | आयुर्वेद उपचार पद्धतिलाई प्रोत्साहन तथा प्रवर्द्धनका लागि आयुर्वेद तथा अनुसन्धान केन्द्रको सुदृढीकरण गरिनेछ। साथै निजी क्षेत्र समेतको सहभागितामा कर्णाली प्रदेशभित्रका जडिबुटी प्रयोग गरी आयुर्वेदिक औषधीको उत्पादन सुरु गर्ने। | आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको अनुसन्धान प्रयोगशाला स्थापनाका लागि आवश्यक औजार उपकरण खरिद प्रक्रिया भइसकेको। आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रबाट नियमित रुपमा प्रदेशभित्रका जडिबुटीहरूको प्रयोग गरी आवश्यक केही औषधीहरू उत्पादन भइरहेको। |
| ९६ | आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोपेथी लगायत वैकल्पिक उपचार पद्धतिको विकास गर्ने। यसका लागि योग, ध्यान, मनोसमाजिक परामर्श कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित | जनशक्ति परिचालन भइरहेको, उपकरणहरू खरिद भइरहेको, योग, ध्यान, मनोसामाजिक परामर्श कार्यक्रमहरू प्याकेजमा सञ्चालन भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | २०८० चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| | गर्ने। आयुर्वेद अस्पतालहरूको पूर्वाधार विकास, उपकरण तथा जनशक्ति व्यवस्थापन गर्ने। | |
| ९७ | नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउन सम्बन्धित स्थानीय तह र सरोकारवाला संस्थाहरूको समन्वय एवम् साझेदारीमा विशेषज्ञ सेवा सहित घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने। | घुम्ती स्वास्थ्य शिविर जिल्लाहरूबाट आवश्यकता अनुसार निरन्तर सञ्चालन भइरहेको। |
| ९८ | बालबालिका तथा गर्भवती एवम् सुत्केरी आमाहरूको पोषण अवस्था सुधार ल्याउन सङ्घीय सरकार र विकास साझेदारसँगको समन्वय र सहकार्यमा पोषिलो पिठो वितरण कार्यक्रम सञ्चालन गर्ने। | साविक कर्णालीका पाँच जिल्लाहरूमा निरन्तर वितरण भइरहेको। |
| ९९ | सुरक्षित मातृत्व, परिवार नियोजन, बाल रोग व्यवस्थापन, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरण गर्ने। | सुरक्षित मातृत्व, परिवार नियोजन, बाल रोग व्यवस्थापन, पोषण, रोग नियन्त्रण र उपचारात्मक सेवालाई सुदृढ गर्न नियमित रुपमा कार्यक्रमहरू सञ्चालन भइ क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भइरहेको। |
| १०० | स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने उद्देश्यले उक्त क्षेत्रमा अत्यावश्यक चिकित्सक, नर्सिङ्ग स्वास्थ्यकर्मी लगायतका जनशक्ति व्यवस्थापन गरी उनीहरूको उत्प्रेरणा र क्षमता विकास गर्ने। | यस आ.व. को सुरुवातमा आवश्यक जनशक्ति करारमा छनौट गरी सम्बन्धित क्षेत्रमा परिचालन गरिएको। |
| १०१ | शैक्षिक पूर्वाधार विकास तर्फ सामुदायिक विद्यालय पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने। यसबाट थप विद्यार्थीहरूले सुरक्षित र सुविधायुक्त कक्षाकोठामा अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन्। साथै | ७९ स्थानीय तहमा प्रत्येकमा १/१ वटा ४ कोठे भवनको लागि प्रति भवन ५० लाखको दरले बजेट पठाईएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | २०८० चैत्र मसान्त सम्मको प्रगति |
|---|---|---|
| | विपद्बाट क्षती भएका विद्यालयहरूको पुनर्निर्माण गर्ने। | |
| १०४ | विद्यालयहरूमा शौचालय, सूचना प्रविधि प्रयोगशाला (ICT lab), ई-लाइब्रेरी, पुस्तकालय लगायत पूर्वाधार विकास गर्ने। | विद्यालयहरू छनोट गरी सम्बन्धित सामाजिक विकास कार्यालय मार्फत् बजेट विनियोजन गरी कार्यान्वयन भएको। |
| १०५ | प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्न दक्ष सिपयुक्त जनशक्ति उत्पादन गर्ने। | मानव संसाधन विकास केन्द्र सुर्खेतमा डिजिटल सिकाई ल्याव स्थापना गरिएको। |
| १०८ | सिप तथा प्रविधियुक्त जनशक्ति उत्पादन गर्न व्यावसायिक शिक्षा प्रवर्द्धनको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने। राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको आधारमा परम्परागत तथा आधुनिक सिपको परीक्षण, प्रमाणीकरण, प्रवर्द्धन र उद्यमीकरण गर्ने। | मन्त्रालयको शिक्षा महाशाखा अन्तर्गत राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) शाखा रहेको र कर्णाली प्रदेश CTEVT सँगको सहकार्यकमा कार्य भइरहेको। |
| ११२ | राउटे लगायत लोपोन्मुख तथा सीमान्तकृत समुदायको आय आर्जन कार्यक्रमलाई सञ्चालन गर्ने। | राउटे समुदायलाई खाद्यान्न, लत्ता कपडा लगायतका करिब ८ लाख बराबरको सामग्री वितरण गरिएको। |
| ११५ | दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाका लागि प्रदेशतहका पुर्वाधार विकास गर्ने। | दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि प्रदेश रङ्गशाला निर्माण प्रक्रिया अन्तिम चरणमा रहेको। साथै अन्य जिल्लाका पूर्वाधारहरू पनि स्तरोन्नतिका चरण अन्तिममा रहेको |
| ११६ | युवा वैज्ञानिक सम्मेलन सञ्चालन गर्ने। | सम्बन्धित गैरसरकारी संस्थाहरूको सहकार्यमा प्रदेश युवा वैज्ञानिक सम्मेलन सञ्चालन गरिएको। |

## ७. आर्थिक वर्ष २०८०/८१ को चैत्र मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**स्वास्थ्य क्षेत्रतर्फः**

- नागरिक स्वास्थ्य परीक्षण,
- मिति २०८० असोज प्रदेश पूर्ण खोप घोषणा गरी नयाँ खोप कार्यक्रमहरू सञ्चालनमा ल्याईएको,

- प्रादेशिक प्रेषण केन्द्र स्थापना तथा सञ्चालन,
- प्रदेशमा सञ्चालनमा रहेका एम्बुलेन्सहरूमा GPS जडान गरी प्रदेश प्रेषण केन्द्रमा आबद्ध गरिएको,
- विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको दरबन्दी करारमा नियुक्ति गरी परिचालन गरिएको,
- भूकम्प प्रतिकार्यका लागि आपूर्ति व्यवस्थापन तथा जनशक्तिको परिचालन द्रुत रुपमा गरिएको,
- भूकम्पबाट प्रभावित क्षेत्रहरूमा अस्थाई स्वास्थ्य संरचना हस्तान्तरण गरिएको, (रुकुम पश्चिमको घेत्मा, जाजकोटको नलगाड र बारेकोट)
- जाजरकोट, डोल्पा जिल्लामा निर्माणाधीन अस्पताल भवनहरू निर्माण सम्पन्न भइ हस्तान्तरण भएको,
- प्रदेश अस्पतालको तला थप लगायत भौतिक पूर्वाधार थपको प्रक्रिया अघि बढेको, MRI सेवा सञ्चालन गरिएको, प्रदेशमै पहिलो पटक मृगौला प्रत्यारोपणको सफलतापूर्वक गरिएको,
- प्रदेशमा स्वास्थ्य बीमाको कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न बीमा कार्यक्रमका लागि बजेटको व्यवस्थापन गरिएको,
- जिल्ला अस्पतालहरूको भौतिक पूर्वाधार निर्माणलाई तीव्रता दिईएको,
- प्रदेशमा अस्पतालको सेवा लिनेको संख्यामा वृद्धि भएको (२०७९ पौष देखि २०८० फाल्गुणसम्म कर्णालीबासीले कुल ३८ लाख ४७ हजार ७ सय ८९ पटक अस्पतालको सेवा लिएको)।

**सामाजिक क्षेत्रतर्फः**

- प्रदेश प्रमुख सामाजिक रूपान्तरण कार्यक्रम सञ्चालन गरिएको,
- बालबालिकासँग मुख्यमन्त्री कार्यक्रम सञ्चालन गरिएको,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको,
- बालगृह, बृद्धाश्रम तथा OCMC सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको।

**शिक्षा, युवा तथा खेलकुद विकास क्षेत्र**

- सार्वजनिक शिक्षा सुधार कार्यक्रम सञ्चालन गरिएको,
- राष्ट्रियस्तरको भलिबल प्रतियोगिता सञ्चालन गरिएको,
- प्रदेश रङ्गशाला निर्माण सम्पन्नको चरणमा रहेको,

- दशौं राष्ट्रिय खेलकुद सञ्चालनका लागि तीव्र गतिमा तयारी भइरहेको,
- छोरी बुहारी तथा प्राविधिक उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईएको,
- सामुदायिक विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिईएको।

## ८. आर्थिक वर्ष २०७९/०८० मा विनियोजित बजेट तथा खर्चको यथार्थ विवरणः

*(रु हजारमा)*

| अनुदान संख्या | मन्त्रालय/कार्यालय/निकाय | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | सामाजिक विकास मन्त्रालय | ६,१३,४२,२७ | ४,३९,५४,५६ | ७१.७ |

## ९. आर्थिक वर्ष २०८०/८१ को विनियोजित बजेट र चैत्र मसान्त सम्मको खर्चको प्रगति अवस्थाः

*(रु. हजारमा)*

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५०००००११३ | सामाजिक विकास मन्त्रालय | १०८५४० | ४६४१७ | ४२.७६ |
| ३५०००००११४ | सामाजिक विकास मन्त्रालय | २६७४८ | २३४६ | ८.७८ |
| ३५०००००१३३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | ३१८६१ | १७९७५ | ५६.४२ |
| ३५०००००१३४ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | १३९५० | २९०९ | २०.८५ |
| ३५००००९०१३ | प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र | ७९४५५ | २०४८० | २५.७८ |
| ३५००००९०१४ | प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र | ११७०० | ७०७ | ६.०४ |
| ३५००००९०२३ | प्रदेश खेलकूद परिषद् | ८७६७६ | ३५९४६ | ४०.९ |
| ३५००००९०२४ | प्रदेश खेलकूद परिषद् | ९१६७०० | २६३६८७ | २८.७६ |
| ३५०००१०११३ | शिक्षा विकास निर्देशनालय | ७५७०३ | ३८४२८ | ५०.७६ |
| ३५०००१०११४ | शिक्षा विकास निर्देशनालय | २२७३५० | ३१२४६ | १३.७४ |
| ३५०००१०१२३ | सामाजिक विकास कार्यालय | २१७६२५ | ७१२८८ | ३२.७५ |
| ३५०००१०१२४ | सामाजिक विकास कार्यालय | ४८७९११ | १८७७४२ | ३८.४७ |
| ३५०००२०११३ | स्वास्थ्य सेवा निर्देशनालय | ६६१८५ | ३५२७१ | ५३.२९ |
| ३५०००२०११४ | स्वास्थ्य सेवा निर्देशनालय | २२०० | १८८९ | ८५.८६ |
| ३५०००२०१२३ | अस्पतालहरू | ४४७१४० | २७०६६४ | ६०.५३ |

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५००२०१२४ | अस्पतालहरू | ६०३१०० | २२१९५८ | ३६.८० |
| ३५००२०१३३ | स्वास्थ्य सेवा कार्यालय | ६२२४११ | ३४८५६९ | ५६.० |
| ३५००२०१३४ | स्वास्थ्य सेवा कार्यालय | ४२०३८६ | ११८९३७ | २८.२९ |
| ३५००२०१४३ | आयुर्वेद औषधालयहरू | १६२२२५ | १०२७३६ | ६३.३३ |
| ३५००२०१४४ | आयुर्वेद औषधालयहरू | ४८१७० | ६६७७ | १३.८६ |
| ३५००२९०२३ | एकीकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २०००० | ५८९ | २.९५ |
| ३५००२९०२४ | एकीकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रम | २०००० | ० | ० |
| ३५००२९०३३ | महामारी तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन | २०००० | १८५९९ | ९३ |
| ३५००३०११३ | मानव संशाधन विकास केन्द्र | ३७७०० | १८६०७ | ४९.३५ |
| ३५००३०११४ | मानव संशाधन विकास केन्द्र | ३२०० | ९९४ | ३१.०६ |
| ३५००४०११३ | प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय | १५१८९ | ९२३५ | ६०.८ |
| ३५००४०११४ | प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय | ८७०० | ७४० | ८.५१ |
| ३५०९११२०३ | एड्स तथा यौन रोग नियन्त्रण (सङ्घ ससर्त अनुदान) | १३७५६ | २१३८ | १५.५४ |
| ३५०९११२१३ | राष्ट्रिय युवा परिषद्(सङ्घ ससर्त अनुदान) | २७०० | ६०० | २२.२२ |
| ३५०९११२३३ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र(सङ्घ ससर्त अनुदान) | १०१५०० | २४१८७ | २३.८२ |
| ३५०९११२४३ | क्षयरोग नियन्त्रण (सङ्घ ससर्त अनुदान) | १४४०० | ७३८७ | ५१.३ |
| ३५०९११२६३ | अपाङ्गताता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ६४०० | ११४१ | १७.८३ |
| ३५०९११२७३ | महामारी रोग नियन्त्रण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३१८०० | १२५९२ | ३९.६ |
| ३५०९११२८३ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १३२६०० | ४९७९७ | ३७.५५ |

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५०९११२८४ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ८००० | ० | ० |
| ३५०९११२९३ | परिवार कल्याण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४५४६०० | १८६०८४ | ४०.९३ |
| ३५०९११२९४ | परिवार कल्याण कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ९६०० | ४९०३ | ५१०७ |
| ३५०९११३०३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४८२०० | २६६३७ | ५५.२६ |
| ३५०९११३१३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(सङ्घ ससर्त अनुदान) | २७४६०० | १२७४०५ | ४६.३९ |
| ३५०९११३१४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)(सङ्घ ससर्त अनुदान) | ३५५०० | १८०६६ | ५०.८९ |
| ३५०९११३२३ | आयुर्वेद सेवा कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ३६९०० | २६७२५ | ७२.४३ |
| ३५०९११३४३ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४४३५३ | ४६०० | १०.३७ |
| ३५०९११३६३ | राष्ट्रिय परीक्षा बोर्ड (सङ्घ ससर्त अनुदान) | ३०९०० | २२८६१ | ७३.९८ |
| ३५०९११३७३ | राष्ट्रिय खेलकुद परिषद् (सङ्घ ससर्त अनुदान) | ६००० | ३९२६ | ६५.४३ |
| ३५०९११३७४ | राष्ट्रिय खेलकुद परिषद् (सङ्घ ससर्त अनुदान) | १०७०० | ७८० | ७.२९ |
| ३५०९११३८३ | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)(सङ्घ ससर्त अनुदान) | ४५८६० | १७६४५ | ३८.४७ |
| ३५०९११३८४ | विद्यालय शिक्षा क्षेत्र योजना-(प्रदेश तथा स्थानीय तहका लागि)(सङ्घ ससर्त अनुदान) | ५००४० | ६५६० | १३.११ |

| ब.उ.शि.नं. | मन्त्रालय/कार्यालय/निकाय | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३५०९११३९३ | राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ४५०० | ३०९२ | ६८.७१ |
| | **जम्मा** | **६१४४७३४** | **२४२१७६२** | **३९.४१** |

## १०. कार्यसम्पादनमा देखिएका समस्या तथा कारणः

- **जनशक्ति अभाव** : मन्त्रालय वा अन्तर्गत रहेका कूल ११३६ कर्मचारी दरबन्दीहरूमध्ये करार सहित ६३९ (५६ प्रतिशत) मात्र पुर्ति भइ अधिकांश दरबन्दी रित्त भएका कारण जनशक्ति अभाव भइ अपेक्षित रूपमा काम हुन नसकेको।
- **समन्वय र सहकार्य** : कार्यक्रम तथा बजेट कार्यान्वयनमा स्थानीय तहहरूसँग प्रभावकारी समन्वय र सहकार्य हुन नसक्नु, मातहतका खर्च केन्द्रबाट बेरूजु फछ्यौंटमा उदासिनता रहेको।
- **भौतिक पूर्वाधारको कमी** : कार्यालय भवन, तालिम सञ्चालनको लागि भवन तथा लामो तालिमका सहभागीहरूलाई छात्रावास आदिको अभाव रहेको।
- **नीतिगतः** संगठन तथा व्यवस्थापन, जनशक्ति व्यवस्थापन नीति कानूनहरूको निर्माण, तथ्य र नतिजामा आधारित योजनाको कमी। सङ्घीय सरकारले निजामती सेवा ऐन र शिक्षा ऐन जारी नहुँदा प्रदेशस्तरको ऐन बनाई सम्बन्धित क्षेत्रलाई व्यवस्थित गर्न नसकिएको।
- **संगठनात्मकः** मन्त्रालयको बोझिलो र बहु कार्यक्षेत्रले गर्दा कार्य सम्पादन र समन्वयमा कठिनाइ रहेको।
- **कार्यगतः** कार्यान्वयनमा ढिलाइ, अन्तिम समयमा बजेट र कामको चाप, प्रकृयागत ढिलाइ र दोहोरोपना। आर्थिक वर्षको शुरूदेखि नै बजेट मागको बढ्दो चाप र रकमान्तरका लागि मातहतका कार्यालयबाट अनुरोध भइरहने, आर्थिक वर्षको अन्त्यमा प्राप्त थप बजेट रकम खर्च हुन नसक्नु।
- **नतिजा मापनः** वस्तुगत, स्पष्ट र मापन योग्य सूचकहरूको अभावका कारण मन्त्रालयको कार्यप्रगति नतिजाको मापन गर्न कठिनाइ भएको। अनुगमन मूल्याङ्कन, आवधिक प्रगति प्रतिवेदन र व्यवस्थापन सूचना प्रणालीको अभाव रहेको।
- **खर्च प्रणालीः** मानव संशाधन, सूचना प्रणाली र भौतिक साधन/उपकरणको अभावमा अपेक्षित खर्च नहुनु साथै आकस्मिक खर्च व्यवस्थापनमा कठिनाइ हुनु। तीव्र गतिमा बढ्दो बेरूजुको परिमाण।

- **भौतिक पूर्वाधार पहुँच (Connectivity):** प्रदेशको जटिल भुगोलका कारण यातायात, सेवा प्रदायक संस्था, भवन, एम्बुलेन्स, सवारी साधन, दिगो निर्माण कार्यको अभाव तथा अव्यवस्थित व्यवस्थापनको कारण अपेक्षित बजेट कार्यान्वयन नभएको अवस्था।

## ११. मन्त्रालयबाट तर्जुमा भइ स्वीकृत भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डः

| क्र.सं. | ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड |
|---|---|
| १ | स्वास्थ्य सेवा नियमावली, २०८० |
| २ | स्वास्थ्य क्षेत्र रणनीतिक कार्ययोजना,२०८० |
| ३ | आँखा स्वास्थ्य रणनीति, २०८० |
| ४ | स्वास्थ्य पुनर्स्थापना रणनीतिक कार्ययोजना,२०८० |
| ५ | विपन्न नागरिक स्वास्थ्य बिमा तथा स्वास्थ्य उपचार सहयोग कार्यविधि, २०८० |
| ६ | सुत्केरी पोषण कोसेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८० |
| ७ | दुर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० |
| ८ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८० |
| ९ | संरक्षण विषय क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० |
| १० | शैक्षिक परामर्श तथा भाषा सम्बन्धी कार्यविधि,२०८० |
| ११ | सार्वजनिक शिक्षा सुधार कार्यविधि,२०८० |

## १२. विद्यमान जनशक्तिको अवस्थाः

स्वीकृत दरबन्दीः ११३६
पदपूर्ति दरबन्दीः ४०५
रिक्त दरबन्दीः ७३१

## निष्कर्षः

चालु आ.वं. को हालसम्मको प्रगति हेर्दा कार्य सम्पादनमा अझै सुक्ष्म रुपले अध्ययन गरी सूचकमा आधारित सुक्ष्म कार्य जिम्मेवारी, अनुगमन तथा सुपरीवेक्षण प्रणालीलाई बढी महत्व दिई पूँजीगत खर्च तर्फ सबैको ध्यान जानुपर्ने, प्रशासनिक खर्चमा मितव्ययीता अपनाइ पूँजीगत खर्च उत्पादनमूलक, आयमूलम, सेवामूलक तथा रोजगार सृजना गर्ने क्रियाकलापमा बढी जोड दिई आर्थिक वृद्धिदर बढाइ नागरिकको जीवनस्तरमा सुधार ल्याउने गरी कर्णाली प्रदेश सरकारको नीति, रणनीति र कार्यनीति तर्जुमा गर्न आवश्यक छ।

कर्णाली प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत